खडक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश,नेपाल

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय राजपत्र

खडक नगरपालिकाद्धारा प्रकाशित

खण्डः९ संख्याः२ कार्यपालिका बाट पारित मितिः२०८२/०८/०१

प्रमाणीकरण मितिः२०८२/०८/०३

आधारभूत अस्पताल संचालन व्यवस्थापन कार्यविधि २०८२

खडक नगरपालिका

आधारभूत अस्पताल संचालन व्यवस्थापन कार्यविधि

प्रस्तावना:

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ र मन्त्री परिषदवाट स्वीकृत कार्य विस्तृतीकरणमा उल्लेखित. स्थानीय तहले आमनागरिकलाई सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नुपर्ने जिम्मेवारी वहन गर्ने प्रयोजनका लागि.नगर आधारभूत अस्पताल संचालन एवं व्यवस्थापन सम्वन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

खडक नगरपालिकाले स्वास्थ्य सेवा सञ्चालन ऐन २०७७ वमोजिम यो कार्यविधि जारी गरिएको छ ।

परिच्छेद–१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस कार्यविधिको नाम " **आधारभूत अस्पताल संचालन व्यवस्थापन कार्यविधि २०८२,**" रहेको छ ।

(२) यो कार्यविधि खडक नगरपालिकाको राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा –

१. अस्पताल भन्नाले विरामी भर्ना गरी चिकित्सकद्वारा स्वास्थ्य सेवा प्रदान गरिने स्वास्थ्य संस्था सम्झनु पर्छ ।

२."**आधारभुत अस्पताल**" भन्नाले नेपाल सरकारको नीति २०७६, नेपाल सरकार मन्त्रीपरिषदको निर्णय तथा खडक नगरपालिका नगरकार्यपालिकाको निर्णय वमोजिम संचालन गरिएको ५, १०,१५ र २५ शैयाको आधारभूत अस्पताललाई सम्झनु पर्छ ।

३.संचालन व्यवस्थापन समिति भन्नाले आधारभुत अस्पताल संचालन तथा व्यवस्थापकीय कार्य सम्वन्धी निर्णय गर्न खडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको अध्यक्ष स्तरीय निर्णय वमोजिम गठित वा प्रचलित कानून वमोजिम पुर्नगठन हुने अधिकार सम्पन्न समितिलाई बुझ्नुपर्छ ।

४."**मन्त्रालय**" भन्नाले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय सम्झनु पर्छ ।

५."**प्रादेशिक स्वास्थ्य संरचना**" भन्नाले प्रदेशमा रहने स्वास्थ्य क्षेत्र हेर्ने सामाजिक विकास मन्त्रालय तथा विभाग, महाशाखा सम्झनु पर्छ ।

६."**सरकारी अस्पताल**" भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्व रहने गरी सार्वजनिक हितका लागि स्थापना भएका वा हुने स्वास्थ्य सेवा प्रदायक अस्पताल सम्झनुपर्छ ।

७."**प्रचलित कानून**" भन्नाले आधारभुत अस्पताल तथा स्वास्थ्य सेवा व्यवस्थापनका लागि प्रभावित हुने संघीय, प्रादेशिक तथा खडक नगरपालिकाका सम्पुर्ण कानूनहरु सम्झनु पर्छ ।

८."**स्वास्थ्य सेवा**" भन्नाले उपचारात्मक, प्रतिकारात्मक, प्रवर्द्धनात्मक, पुर्नस्थापनात्मक तथा प्ररामर्शक स्वास्थ्य सेवा सवैलाई बुझ्नु पर्छ ।

९."**स्वास्थ्य सेवाका कर्मचारी**" भन्नाले चिकित्सक, स्वास्थ्यकर्मी, प्रयोगशाला कर्मी, रेडियो इमेजिङ्ग सेवा प्रदायक, नर्सिङ सेवा, फार्मेसी सेवा प्रदायकलाई सम्झनु पर्छ ।

१०."**स्वास्थ्य सेवाका अन्य कर्मचारी**" भन्नाले स्वास्थ्य संस्थाको स्वास्थ्य प्राविधिक सेवा वाहेक प्रशासनिक, सरसफाइ, सुरक्षा तथा अन्य सहयोगी सेवाका कर्मचारीहरुलाई सम्झनु पर्छ ।

११."**अस्पताल सेवा**" भन्नाले जन स्वास्थ्य सेवा नियमावली २०७७ को नियम ९ र नियम १० संग सम्वन्धित अनुसूची ७ वमोजिम आधारभूत अस्पतालका लागि निर्धारित सेवा तथा खडक नगरपालिकाको निर्णय वमोजिम संचालन गरिने अस्पताल सेवाहरुलाई सम्झनु पर्छ ।

१२. "**आधारभूत अस्पताल न्युनतम सेवा मापदण्ड**" भन्नाले जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा २५ र दफा २७ को व्यवस्था कार्यान्वयनका लागि नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयवाट जारी भएको प्राथमिक अस्पतालका लागि न्यूनतम सेवा मापदण्ड (MSS Primary Hospital) २०७५ लाई जनाउँछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१३."**कोष**" भन्नाले नगर अस्पताल विकास कोषलाई सम्झनु पर्छ ।
१४."**पालिका**" भन्नाले खडक नगरपालिकालाई सम्झनु पर्छ ।
१५. "**कार्यपालिका**" भन्नाले खडक नगर कार्यपालिकालाई सम्झनु पर्छ ।
१६. "**कार्यालय**" भन्नाले खडक नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ ।
१७. "**स्वास्थ्य पुर्वाधार विकास मापदण्ड**" भन्नाले नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४।०१।२४ गतेको बैठकवाट स्वीकृत नेपाल स्वास्थ्य पुर्वाधार विकास मापदण्ड २०७४ सम्झनु पर्छ ।
१८. "**स्वास्थ्य संस्था संचालन मापदण्ड**" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयवाट स्वीकृत नेपाल स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८ सम्झनु पर्छ ।
१९."**अस्पताल भवन डिजाइन तथा निर्माण सम्वन्धी निर्देशिका**" भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको स्वास्थ्य भवन डिजाइन तथा निर्माण सम्वन्धी निर्देशिका २०७३ तथा आधारभूत अस्पताल भवन निर्माण सम्वन्धी निर्देशिका २०७७ लाई सम्झनु पर्छ ।
२०."**अस्पताल प्रमुख**" भन्नाले आधारभूत अस्पतालमा कार्यरत चिकित्सकहरु मध्ये अस्पतालको कार्य संचालन व्यवस्थापनको जिम्मेवारी पाएको वरिष्ठ चिकित्सकलाई सम्झनु पर्छ ।

परिच्छेद २
अस्पताल सेवा व्यवस्थापन

३. आधारभूत अस्पताल संचालन : खडक नगरपालिकाको प्रच्चलित कानून वमोजिम प्रदान गरिने संचालन अनुमतिबाट अस्पताल संचालन गरिनेछ ।

४. आधारभूत अस्पताल उपलब्ध गराउने सेवाहरु : आधारभूत अस्पताल उपलब्ध गराउने सेवाहरु नेपाल सरकारको "जन–स्वास्थ्य सेवा नियमावली २०७७" नियम ९ र १० संग सम्वन्धित अनुसूची ७ वमोजिम हुनेछ ।

५. आधारभूत अस्पताल संचालनको मापदण्ड : आधारभूत अस्पताल संचालनको मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" वमोजिम हुनेछ ।

६. आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समिति गठन : (१)अस्पताल संचालन एवं कार्य व्यवस्थापनका लागि देहाय बमोजिम नगर अस्पताल संचालन तथा व्यवस्थापन समिति गठन गरिनेछ ।

क.	नगरपालिकाको नगर प्रमुख वा नगरप्रमुखले तोकेको व्यक्ति	अध्यक्ष
ख.	स्थानीय समाजसेवी	सदस्य
ग.	सम्वन्धित वडाको वडा प्रतिनिधि	सदस्य
घ.	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
ङ.	कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना कार्यपालिका सदस्य	सदस्य
च.	सामाजिक विकास समिति संयोजक	सदस्य
छ.	स्वास्थ्य शाखा प्रमुख	सदस्य
ज.	स्वास्थ्य क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तिहरु मध्ये नगर प्रमुखले तोकेको १ जना महिला	सदस्य
झ.	सामुदायिक तथा संस्थागत विद्यालयहरुमध्येवाट समितिले मनोनित गरेको १ जना	सदस्य
ञ.	सम्वन्धित अस्पताल प्रमुख.....	सदस्य सचिव

नोटः आवश्यकता अनुसार विशेष प्रतिनिधि आमन्त्रण गर्न सक्नेछ ।

७.आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(१) नीतिगत, कानूनी एवं संस्थागत व्यवस्था अनुरुप अस्पताल संचालनका लागि आवश्यक निर्णय गरी प्रमुख प्रशासकीय अधिकृत मार्फत नगर कार्यपालिकामा पेश गर्ने ।

(२) आधारभूत असपतालवाट संचालन हुने वार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन एवं प्रगति समिक्षा गर्ने ।

(३) नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" वमोजिमका भौतिक संरचना, जनशक्ति तथा औजार उपकरण व्यवस्थापन लगायतका कार्यहरुको लागि समन्वय, सहजीकरण एवं सहकार्य गर्ने ।

(४) अस्पताल संचालनका लागि नगरपालिकाले दिएका निर्देशन र स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन गर्ने गराउने ।

(५) अगामी आर्थिक वर्षको कार्यक्रम तथा वजेट निर्माण गरी तोकिएको अवधि भित्र नगरपालिकामा पेश गर्ने ।

(६) अस्पतालको कार्य प्रगतिको नियमित मासिक, चौमासिक,वार्षिक प्रगति अनुगमन, लेखाजोखा एवं समिक्षा गर्ने ।

(७) अस्पतालको मासिक चौमासिक तथा वार्षिक आय –व्ययको लेखाङ्कन निरीक्षण, अनुमोदन गर्ने, लेखापरीक्षण गराउने ।

(८) अस्पतालमा आवश्यक औषधी, उपचार सामग्री तथा औजार उपकरणको आपूर्ति, मर्मत सम्भार, संरक्षण एवं भण्डारण सम्वन्धी व्यवस्थापन गर्ने ।

(९) अस्पतालको सेवाहरुको वार्षिक लक्ष्य निर्धारण तथा लक्ष्य अनुरुप प्रगति हासिल गर्न आवश्यक रणनीति एवं क्रियाकलाप तय गर्ने ।

(१०) अस्पतालको स्वामित्वमा रहेको चल अचल सम्पतिको अभिलेख दुरुस्त राख्ने ।

(११) अस्पतालको सेवा प्रवाह क्रममा आएका गुनासाहरुको उचित सम्वोधन र व्यवस्थापन गर्ने ।

(१२) अस्पताल विकास कोषको व्यवस्थापनका लागि अस्पताल संचालन तथा व्यवस्थापन समितिको वैंक खाता संचालन गर्ने ।

(१३) अस्पतालमा आवश्यक जनशक्ति आपुर्तिका लागि स्रोत व्यवस्थापन गरी आवश्यक कार्य गर्ने ।

(१४) अस्पतालमा कार्यरत जनशक्तिहरुको मनोवल उच्च राखी उच्च कार्यप्रतिफल हासिल गर्न कार्यभार एवं कार्य प्रगतिको आधारमा सेवा सुविधा उत्प्रेरणाको व्यवस्था गर्ने ।

(१५) नगरपालिकाको कोष माथि व्यय भार हुने निर्णयहरु नगरकार्यपालिकाको अनुमोदन पछि कार्यान्वयन गर्ने ।

(१६) अस्पतालको भौतिक, आर्थिक, संस्थागत एवं सामाजिक वातावरणको स्वास्थ्य एवं सुरक्षाको लागि आवश्यक कार्य गर्ने ।

(१७) समितिको पदावधी ५ वर्षको हुनेछ ।

८. **अस्पताल विकास कोष** : (१) आधारभूत अस्पतालको आर्थिक एवं वितिय कार्य व्यवस्थापनका लागि आधारभूत अस्पताल विकास कोष रहने छ ।

(२) आधारभूत अस्पताल प्रमुख वा निजहरुले तोकेको प्रतिनिधि र लेखापाल नियुक्ति गरी २ जनाको संयुक्त हस्ताक्षरवाट संचालन हुनेगरी आधारभूत अस्पताल विकास कोषको वैंक खाता संचालन गरिनेछ ।

(३) संघीय सरकार, प्रदेश सरकार, खडक नगरपालिका तथा अन्य जुनसुकै स्रोतवाट कानून वमोजिम प्राप्त रकम अस्पताल विकास कोषको वैंक खातामा जम्मा गरिनेछन् ।

(४) अस्पतालको विभिन्न सेवा शुल्क र दस्तुर वापत अस्पतालमा प्राप्त आम्दानी नगर अस्पताल विकास कोषमा दाखिला गर्नु पर्नेछ ।

(५) नगर कार्यपालिकाले अनुमोदन गरेको अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय वमोजिम अस्पताल विकास कोषको रकम परिचालन गरिनेछ ।

(६) अस्पताल विकास कोषको भुक्तान भएको आर्थिक वर्षको कारोवारको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयवाट गराउनु पर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

९.अस्पताल सामान्य सेवा सम्बन्धी व्यवस्थापन नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिम देहाय अनुसार गर्नु पर्नेछ :

१)सोधपुछ तथा गुनासो सुनुवाई : अस्पतालमा सोधपुक्ष कक्ष, गुनासो सुन्ने अधिकारी, गुनासो पेटिका हुनु पर्नेछ र प्रत्येक हप्ता गुनासो पेटिका खोल्नु पर्नेछ ।

२)सुचना तथा संचार सेवा : (क)अस्पतालमा इन्टरकम एवं बाह्य टेलिफोन सेवा सहितको संचार सेवाको व्यवस्था हुनु पर्नेछ ।आकास्मिक सेवाका नम्वरहरु अध्यावधिक राख्नु पर्नेछ ।

ख) सवैले देख्न सक्ने गरी नेभिगेसन चार्ट र नागरिक वडा–पत्र राख्नु पर्नेछ ।

ग) अस्पतालमा इन्टरनेटको सुविधा उपलब्ध हुनु पर्नेछ ।

३.पानीको व्यवस्था :अस्पतालमा चौविसै घण्टा पिउने पानी सहित सफा पानीको प्रशस्त व्यवस्था हुनु पर्नेछ ।

४) विद्युत आपूर्ति : अस्पतालमा चौविसै घण्टा विद्युत आपूर्तिको लागि व्याक–अप प्रणाली सहितको वयवस्था हुनु पर्नेछ ।

५)शौचालयको व्यवस्था : अस्पताल हाताभित्र पर्याप्त पानी सहितको देहायका मापदण्ड भएको पर्याप्त संख्यामा सफा शौचालयको साथै साबुन पानीले हात धुने व्यवस्था हुनु पर्छ ।

(क) बालवालिका मैत्री

(ख) लैंगिक मैत्री: महिला र पुरुषको लागि छुट्टाछुट्टै शौचालय र महिला शौचालयमा ढक्कन भएको फोहोर हाल्ने टोकरी भएको हुनु पर्नेछ ।

(ग) अपाङ्गता मैत्री

(घ) जेष्ठ नागरिक मैत्री.

६) विरामी कुरुवा सुविधा : अस्पतालको बहिरङ्ग तथा अन्तरङ्ग सेवा दिइने स्थानहरुमा पर्याप्त विश्रामस्थल तथा कुरुवास्थलको व्यवस्था हुनु पर्छ ।

७) क्यान्टिन व्यवस्था : अस्पताल हाताभित्र स्वस्थ,सफा र सुविधायुक्त क्यान्टिनको व्यवस्था हुनु पर्छ ।

८)सुरक्षा व्यवस्था : अस्पतालमा चौविसै घण्टा सुरक्षा गार्डको व्यवस्था हुनु पर्नेछ । आपतकालीन अवस्थामा अन्य सुरक्षा निकायसंग समन्वय सन्यनत्रको व्यवस्था हुनु पर्नेछ । अस्पतालका संवेदनशील क्षेत्रहरु जस्तै आकास्मिक कक्ष, फार्मेसी, वहिरङ्ग कक्ष, टिकट कक्ष लगायतका क्षेत्रहरुमा CCTV जडान गरी कम्तिमा ३० दिनसम्मको रेकर्ड रहने व्यवस्था गरिएको हुनु पर्नेछ ।

९.अस्पतालको लागि एम्वुलेन्स सेवा उपलब्ध हुनु पर्नेछ ।

१०.पार्किङ्गको व्यवस्था : कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

११.भण्डारको व्यवस्था : अस्पतालको लागि आवश्यक लत्ता कपडा, सरसफाई सामग्री, औजार,उपकरण तथा औषधिको न्युनतम मौज्दात रहनु पर्नेछ र सो सामग्रीहरुको उपयुक्त भण्डारको लागि रेफ्रिजेरेटर,एयर कन्डिसनर,उपयुक्त भेन्टिलेशन सहितको प्रयाप्त भण्डार कक्षको व्यवस्था हुनु पर्नेछ ।

१२.कर्मचारी व्यवस्थापन : कर्मचारीहरुको दैनिक उपस्थिति अभिलेख राखेको हुनु पर्नेछ । कर्मचारीरुले तोकेको पोशाक, परिचय पत्र एवं विद्युतीय हाजिरीको प्रयोग गरेको हुनु पर्नेछ । कर्मचारीहरुको कामको विवरण जिम्मेवारी लिखित रुपमा तोकिएको हुनु पर्नेछ ।

१३.फोहोरमैला व्यवस्थापन :अस्पताल हाता सफा, स्वच्छ र दुर्गन्ध रहित हुनु पर्नेछ । अस्पतालको स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन फोहोरमैला व्यवस्थापन निर्देशिका, २०७७ तथा स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड २०७७" अनुसार हुनु पर्नेछ ।

१४.संक्रमण रोकथाम तथा नियन्त्रण : स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" को दफा ४३ बमोजिम परिच्छेद–५ दफा २५ गुणस्तर एवं मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।

१५.जन स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था : स्वास्थ्य संस्था संचालन सम्बन्धी मापदण्ड (पहिलो संसोधन) २०७८" को दफा ४४ बमोजिम परिच्छेद– ५ दफा २६ गुणस्तर एवं मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१६.अक्सिजन, औजार तथा उपकरण सम्वन्धी व्यवस्था : "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" को दफा ४४ वमोजिम परिच्छेद–५ दफा २८ गुणस्तर एवं मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।

१७.मर्मत सम्भार : अस्पतालको भवन, सवारी साधन, मेसिनरी औजार, यन्त्र उपकरण, विद्युतीय उपकरणहरको नियमित मर्मत संभार गर्ने व्यवस्था हुनु पर्नेछ । मर्मतको वार्षिक योजना तयार गरी सोही अनुसार कार्यान्वयन गनु पर्नेछ ।

१८.तथ्याङ्क व्यवस्थापन एकाई :असपतालमा सूचना विज्ञ सहित तथ्याङ्क व्यवस्थापन एकाइको व्यवस्था हुनु पर्नेछ ।

१९.निशुल्क औषधीहरुको नियमित आपूर्ति

१०. अस्पतालको स्वास्थ्य सेवा सञ्चालन : (१) आधारभूत अस्पतालले प्रदान गर्ने सेवाहरु :नेपाल सरकारको जन–स्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची ७ वमोजिमका देहायका सेवाहरु खडक नगरपालिकाले थप गर्ने सेवाहरु प्रदान गर्नेछ ।

(क) जन–स्वास्थ्य सेवा नियमावली २०७७ को अनुसूची १ वमोजिमका आधारभूत स्वास्थ्य सेवाहरु

१.खोप सेवा
२.एकीकृत नवशिशु तथा वालरोगको एकीकृत व्यवस्थापन
३.पोषण सेवा
४.गर्भवती परिक्षण सेवा, प्रसव तथा सुत्केरी सेवा
५.परिवार नियोजन, सुरक्षित गर्भपतन, प्रजनन् स्वास्थ्य सेवा तथा महिलाको क्यान्सर (शीघ्र पहिचान, परामर्श तथा प्रेषण) सम्वन्धी सेवा
६.सरुवा रोगको प्रारम्भिक निदान,लाक्षणिक उपचार तथा प्रेषण सम्वन्धी सेवा
७.नसर्ने रोग तथा शारीरिक विकलाङ्गताहरुको प्रारम्भिक निदान,लाक्षणिक उपचार , परामर्श, आकस्मिक उपचार तथा प्रेषण सम्वन्धी सेव
८.मानसिक रोगहरुको प्रारम्भिक निदान,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण सम्वन्धी सेवा
९.ज्येष्ठ नागरिकको स्वास्थ्य समस्याहरुको प्रारम्भिक निदान,लाक्षणिक उपचार, परामर्श तथा प्रेषण , स्वास्थ्य प्रवर्द्धन सम्वन्धी सेवा
१०.सामान्य आकास्मिक अवस्थाका सेवा
११.स्वास्थ्य प्रवर्द्धन सेवा : जनचेतनामुलक सुचना तथा संचार सामग्री/व्यवहार परिवर्तन संचार/परामर्श सेवा

(ख) वहिरङ्ग तथा अन्तरङ्ग चिकित्सकीय सेवा

(१) सामान्य चिकित्सा
(२) सामान्य शल्यक्रिया
(३) स्त्री तथा प्रसुती रोग सेवा
(४) शिशु तथा वाल स्वास्थ्य सेवा
(५) सामान्य दन्त सेवा
(६) प्राथमिक आँखा उपचार सेवा

(ग) आकास्मिक स्वास्थ्य सेवा

(१) आकास्मिक सेवा
(२) आधारभूत आकास्मिक शल्यक्रिया(BEONC) समेत
(३) आकास्मिक प्रयोगशाला तथा रक्त संचार सेवा
(४) निदानात्मक सेवा

(घ) प्रयोगशाला सेवा
(ङ) रेडियो इमेजिङ्ग सेवा
(च) फार्मेसी सेवा
(छ) मेडिको लेगल सेवा

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

१) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेका सेवाहरु

(२) बहिरङ्ग र अन्तरङ्ग चिकित्सकीय सेवा संचालन नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिम परिच्छेद ३ दफा ११ गुणस्तर एवं मापदण्ड अनुसारको हुनु पर्नेछ ।

(३) आकास्मिक स्वास्थ्य सेवा अन्तर्गत "नेपाल सरकार जन स्वास्थ्य सेवा नियमावली २०७७" को अनुसूची २ बमोजिमका देहायका अवस्था सम्वन्धी सामान्य आकास्मिक अवस्थाका स्वास्थ्य सेवाहरु उपलब्ध गराउनु पर्नेछ ।

(क) चोटपटक तथा घाउ खटिरा सम्वन्धी आकास्मिक अवस्थाहरु :

(१) घाउ चोटको मलम पट्टी लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(२) काटेको घाउमा टाँका लगाउने र आवश्यकता अनुसार प्रेषण र परामर्श

(३) पिलो तथा फोडाको उपचार र आवश्यकता अनुसार प्रेषण र परामर्श

(ख) आकास्मिक अवस्थाको प्राथमिक व्यवस्थापन (Common emergency conditions)

(१) आघात(Shock) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(२) मुर्छित अवस्थाको लेखाजोखा: प्रारम्भिक व्यवस्थापन , आवश्यकता अनुसार उपचार तथा प्रेषण

(३) कन्भल्सन(Convulsion) को व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(४) दुर्घटनाबाट गम्भिर घाइते विरामीलाई स्थिर बनाउने र आवश्यकता अनुसार वयवस्थापन र प्रेषण

(५)हाडभाँचिएको(Fracture),जोर्नीखुस्केको,सर्केको(JointSubluxation,Dislocation) लाई स्थिर बनाउने, निदान,दुखाईको व्यवस्थापन र प्रेषण परामर्श ।

(६) पोलाई(Burn & Scald) को प्रारम्भिक विदान,लाक्षणिक उपचार,प्रेषण र परामर्श

(७) विषादी सेवन: पेट सफा गर्ने(Gastric Lavage) लगायतका व्यवस्थापन, उपलब्ध प्रति बिषादी (Antidotes) को प्रयोग तथा आवश्यकता अनुसार प्रेषण

(८) पानमा डुवेको (Drowning): प्रारम्भिक व्यवस्थापन र आवश्यकता अनुसार प्रेषण

(ग) सर्पदंश/किराको टोकाइ/जनावरको टोकाइ प्राथमिक उपचार तथा प्रेषण

(घ) आकास्मिक विभाग(२४ सौ) २४ सौ घण्टा आकास्मिक सेवा संचालन गर्नु पर्नेछ ।

(४) प्रयोगशाला सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन सम्वन्धी मापदण्ड २०७७" को दफा ३० वमोजिम "D" वर्गको प्रयोगशाला परिच्छेद ४ दफा १५ गुणस्तर एवं मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।

(५) रेडियो ईमेजिङ्ग सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" को दफा ४२ वमोजिमको स्तरको परिच्छेद ४ दफा २२ गुणस्तर एवं मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।

(६) फार्मेसी सेवा नेपाल सरकारको "जन–स्वास्थ्य सेवा ऐन २०७५" को दफा २९(४) को अधिनमा रही अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ को निर्देशन पालना गरी "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" को दफा ४९ वमोजिम परिच्छेद–४ दफा १४ गुणस्तर एवं मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।

(७) मेडिको लिगल सेवा नेपाल सरकारको "जन–स्वास्थ्य सेवा नियमावली २०७७" को नियम ९(१) र(२) तथा नियम १० अनुसूची ७ को अधीनमा रही मेडिकोलेगल सेवा संचालन गर्नु पर्नेछ ।

(८) जनशक्ति व्यवस्थापन : नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" वमोजिमको परिच्छेद ३ दफा १८ वमोजिम गर्नु पर्नेछ ।

(९) आधारभूत अस्पतालको स्तरोन्नती तथा सेवा विस्तार: नेपाल सरकार,प्रदेश सरकार तथा खडक नगरपालिकाको प्रचलित कानून वमोजिम अस्पतालको स्तरोन्नती गरी सेवा विस्तार गर्न सकिनेछ ।

(१०) आधारभूत अस्पतालमा विस्तारित सेवा संचालन: नेपाल सरकार जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३१ को अधिकार प्रयोग गरी उपलब्ध स्रोत साधन तथा जनशक्तिको आधारमा आवश्यकता अनुसार विस्तारित अस्पताल सेवा संचालन गर्न सक्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(क) खडक नगरकार्यपालिकाको निर्णयानुसार ५,१०, १५ र २५ शैयाको स्वीकृति तथा आधारभुत अस्पताल स्तरोन्नती गरिनेछ ।

(११) अन्यत्र सेवा गर्न नपाउने : नेपाल सरकार जन स्वास्थ्य सेवा ऐन २०७५ को दफा ३२ को अधिनमा रही नगर अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी वा अन्य कर्मचारी अस्पतालले तोकेको समयमा अन्यत्र सेवा गर्न पाउने छैन ।

परिच्छेद ३

आधारभूत अस्पतालका बहिरङ्ग, अन्तरङ्ग तथा आकास्मिक सेवा संचालन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी मापदण्डहरू

११. बहिरङ्ग तथा अन्तरङ्ग विभाग

(१) आधारभूत अस्पतालको बहिरङ्ग तथा अन्तरङ्ग विभाग वाट दफा ९(१) को (ख) वमोजिमका सेवाहरु उपलब्ध गराउनु पर्नेछ ।

(२) **बहिरङ्ग विभाग:** आधारभूत अस्पतालको वहिरङ्ग सेवा सम्वन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" वमोजिमको देहाय अनुसारको हुनेछ ।

(क) विरामी नाम दर्ता कक्ष/स्थानको व्यवस्था

(ख) प्रत्येक विशेषज्ञ सेवाका लागि अलग अलग ओ.पी.डी. कक्षको व्यवस्था

(ग) वहिरङ्ग विभागको प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४(चौध) वर्ग मीटरको हुनुपर्ने र कन्सल्टेन्ट युनिट वा सेवा अनुसार ओ.पी.डी. संचालन गर्न सकिने

(घ) वहिरङ्ग सेवा प्रदान गर्ने विशेषज्ञ चिकित्सक वा अन्य चिकित्सकहरु उपलब्ध हुने समय तालिका (दिन र वार खुल्ने गरी) सवैले देख्ने ठाउँमा राख्ने

(ङ) व्हिलचेयर,ट्रली,स्ट्रेचरको प्रयाप्त व्यवस्था भएको

(च) व्हिलचेयर, ट्रली, स्ट्रेचर राख्ने प्रयाप्त ठाउँ भएको

(छ) विरामी वा विरामीको रेखदेख गर्ने व्यक्तिलाई राग र उपचार पद्धतिवारे स्पष्ट जानकारी (counseling) दिने व्यवस्था

(ज) ओ.पी.डी.कक्षमा प्रर्याप्त फर्निचर सहितको प्रतिक्षालय व्यवस्था

(झ) सूचना–पाटी, टि.भी.स्क्रिन, पोष्टर आदिवाट स्वास्थ्य सम्वन्धी र अस्पतालवाट प्रदान गरिने सेवा सम्वन्धी जानकारी दिने व्यवस्था ।

(ञ) महिला र पुरुषको लागि अलग अलग र आवश्यकता अनुसार अपाङ्गतामैत्री र ज्येष्ठ नागरिक मैत्री समेत शौचालयको व्यवस्था

(३) **अन्तरङ्ग विभाग:** आधारभूत अस्पतालको अन्तरङ्ग सेवा सम्वन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" वमोजिमको देहाय अनुसारको हुनेछ ।

- जनरल वार्डको हकमा महिला र पुरुषको लागि अलग–अलग वार्डको व्यवस्था हुनु पर्नेछ र यदि छुट्टै वार्डको व्यवस्था गर्न नसकिएको खण्डमा महिला विरामीको गोपनियता र सुरक्षाको प्रत्याभूति गर्नु पर्नेछ ।
- अस्पतालमा वार्डको सुविधा हुनेगरी ड्रेसिङ रुम, काउन्सेलिङ रुम आदिको व्यवस्था भएको हुनु पर्नेछ ।
- अपाङ्गता भएका विरामीहरुको व्यक्तिगत सरसफाई र लुगा फेर्ने प्रयोजनको लागि आवश्यक व्यवस्था हुनु पर्नेछ र साथै अस्पताल भवन वालवालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गतामैत्री हुनु पर्नेछ ।
- एक क्युबिकल (Cubide) मा ६(छ) शैया भन्दा वढी राख्न पाइने छैन ।
- अस्पतालमा आवश्यकता अनुसार क्याविन कोठाहरुको व्यवस्था हुनु पर्नेछ । कुल शैयाको वढीमा ३० प्रतिशत मात्र क्याविन शैया राख्न पाइने छ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- प्रत्येक वार्डमा नर्सिङ सटेशन हुनु पर्नेछ ।
- नर्सिङ्ग स्टेशनबाट प्रत्येक बिरामीको प्रत्यक्ष निगरानी हुने व्यवस्था हुनु पर्नेछ र उक्त सुविधा नभएमा प्रत्येक बिरामीको शैयामा "कल बेल" राख्नु पर्नेछ ।
- अस्पतालको अन्तरङ्ग विभागमा आवश्यकता अनुसार चेन्जिङ्गरुम, शौचालय, बाथरुम, स्टोर तथा नर्स एवं डाक्टरको डयुटी रुमको व्यवस्था गरिएको हुनु पर्नेछ ।
- प्रसुति सेवाको लागि लेबर रुम र प्रसुति कक्षमा कम्तिमा एउटा कार्डियो–टोकोग्राफी मेशिनका जडान भएको हुनु पर्नेछ ।
- डाक्टरको डयुटी रुम, प्यान्ट्री, आइसोलेशन रुम, ट्रिटमेन्ट रुम, शौचालय आदिको व्यवस्था हुनु पर्नेछ ।
- शैयाहरु बीच कम्तिमा ५ फिट तथा भित्तावाट कम्तिमा २ फिटको दूरी हुनु पर्नेछ ।
- अस्पतालमा बच्चा,सुत्केरी, निगरानी(Observation) तथा सरुवा रोगका लागि छुट्टाछुट्टै वार्डको व्यवस्था हुनु पर्नेछ ।
- जनरल शैयाको हकमा ४ देखि ६ शैयाको अनुपातमा १ स्टाफ नर्सको व्यवस्था भएको हुनु पर्नेछ ।
- लेबर रुमको छुट्टै व्यवस्था भएको हुनु पर्नेछ ।
- लेबर रुम र एक्टिभ लेबर वार्डको लागि छुट्टैशौचालयको व्यवस्था भएको ।
- प्रसुति हुनु अगावैका बिरामी भर्ना गर्नका लागि pre-labour ward को व्यवस्था हुनु पर्नेछ ।
- लेबर रुम र लेबर टेबलको हकमा बिरामीको चाप अनुसार तय गर्नु पर्नेछ ।
- प्रति लेबर टेबल २ जना मिड वाईफ वा SBA तालिम प्राप्त नर्स हुनु पर्नेछ र एक्टिभ लेबर वार्डको हकमा प्रति २ शैया १ जन मिडवाइफ वा SBA तालिम प्राप्त नर्सको व्यवस्था हुनु पर्नेछ ।
- Active Labour Ward र लेबर रुम जोडिएको हुनु पर्नेछ ।

१२.आकास्मिक विभाग:(१) आधारभूत अस्पतालको आकास्मिक विभागबाट दफा ९(३) बमोजिमका सेवाहरु उपलब्ध गराउनु पर्नेछ ।

(२)आधारभूत अस्पतालको आकास्मिक सेवा सम्बन्धी मापदण्ड नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिमको देहाय अनुसारको हुनेछ ।

(क) अस्पतालमा कुल शैया क्षमताको कम्तिमा १०(दश) प्रतिशतका दरले आकास्मिक कक्षमा शैयाहरु उपलब्ध हुनु पर्नेछ ।

(ख) आकास्मिक कक्ष संचलन गर्दा अल्ट्रासाउण्ड, एक्स–रे, इमेजिङ्ग सेवा, प्रयोगशाला, ओपिडी, ओ.टी. तथा अन्य वार्डहरुमा बिरामी समेत व्हिलचेयर, ट्रली, स्ट्रेचर सजिलै लैजान ल्याउन सकिने गरी संचालनमा ल्याएको हुनु पर्नेछ ।

(ग) आकास्मिक कक्षमा प्रतिक्षालय,शौचालय,ट्रायजक्षेत्र, चेन्जिङ्ग रुम, मेडिको लेगलका लागि गोपनियता सुनिश्चित हुने कोठाको व्यवस्था समेत भएको हुनु पर्नेछ ।

(घ) (२४सै) चौबीसै घण्टा आकस्मिक सेवा दिने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(ङ) २५(पच्चीस) शैयासम्मको अस्पतालमा आकास्मिक सेवाका लागि दक्ष स्वास्थ्यकर्मी चौबीसै घण्टा र चिकित्सक अनुकुलमा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ ।

(च)आकस्मिक सेवामा काम गर्ने जनशक्ति कम्तीमा Basic Life Support/Primary Trauma Care/Advance Cardiac Life Support/Advance Trauma Life Support/Primary Emergency Care आदि सम्बन्धी तालिम लिएको हुनु पर्नेछ ।

(छ) आकास्मिक सेवाका लागि चाहिने आवश्यक औषधीहरु चौबीसै घण्टा उपलब्ध हुने व्यवस्था हुनु पर्नेछ ।

(ज)आपतकालीन सेवा दिनका लागि प्रयोग हुने सवारी साधनहरु अस्पतालको आपतकालीन कक्षमा सहजरुपमा आउन जान सक्ने व्यवस्था भएको हुनु पर्नेछ ।

विजय कुमार मंड
प्रमुख प्रशासकीय अधि

CamScanner

(झ) आकस्मिक विभागबाट विरामी भर्ना गर्न,रिफर गर्ने विरामीको सेफरल प्रक्रया तथा विरामी सार्ने पद्धति स्पष्ट रुपमा परिभाषित रहेको हुनु पर्नेछ ।

(ञ) प्रकोपजन्य रोगहरु, प्राकृतिक प्रकोप जस्ता पक्षहरुलाई विचार गरी आकस्मिक उपचार सेवाका लागि संस्थाले विपद् व्यवस्थापनको योजना बनाएको र अध्यावधिक गरेको हुनु पर्नेछ ।

(ट) आकस्मिक कक्षमा संचार सुविधा एवं शुद्ध खानेपानीको व्यवस्था हुनु पर्नेछ ।

(ठ) आकस्मिक कक्षमा सार्वजनिक टेलिफोन सेवाको व्यवस्था हुनु पर्नेछ ।

१३. जनशक्ति व्यवस्थापन : (१) आधारभूत अस्पतालको जनशक्ति व्यवस्थापन नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिमको देहाय अनुसारको हुनेछ ।

(क) सुशासन तथा व्यवस्थापनका लागि जनशक्ति :

(१) मेडिकल जनरल – १ जना
(मेडिकल सुपरिटेन्डेन्ट)

(ख) क्लिनिकल सेवाका लागि जनशक्ति :

(१) स्त्री तथा प्रसुति रोग विशेषज्ञ (Gynecologist and Obstetrician) – १ जना
(२) जेनेरल फिजिसियन (General Practioner/MDGP) – १ जना
(३) नर्सिङ्ग स्टाफ – ४ जना
(४) पारामेडिकल स्टाफ/हे.अ. – ४ जना
(५) फार्मेसी सहायक – २ जना
(६) मेडिकल प्रयोगशाला कर्मचारी – २ जना
(७) रेडियो इमेजिङ्ग सेवा कर्मचारी(कम्तीमा १ जना कन्सल्टेन्ट रेडियोलोजिस्ट सहित) – २ जना
(८)एनेस्थेटिक सहायक – २ जना

(ग) अस्पताल सहयोग सेवाका लागि जनशक्ति :

(१) सामाजिक सेवा इकाई तथा स्वास्थ्य बीमा व्यवस्थापन सम्वन्धी कर्मचारी – १ जना
(१) प्लम्वर – १ जना
(२) इलेक्ट्रिसियन – १ जना
(३) बगैचे आवश्यकता अनुसार
(४) कार्यालय सहयोगी आवश्यकता अनुसार
(५) सुरक्षा गार्ड आवश्यकता अनुसार
(६) हलुका सवारी चालक आवश्यकता अनुसार

(२) आधारभूत अस्पतालमा कार्यरत चिकित्सक ,नर्स तथा स्वास्थ्य सेवाका अन्य कर्मचारीहरुको सेवा सुविधा नेपाल सरकार र खडक नगरपालिकाको कानून अन्तर्गत तोकिए बमोजिम हुनेछ ।

(३) कर्मचारी भर्ना व्यवस्था

(क) नगरपालिकाको सहमतिमा आवश्यक परेमा थप कर्मचारी भर्ना गरी सेवा सुविधा उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद ४

आधारभूत अस्पतालको फार्मेसी सेवा, प्रयोगशाला सेवा तथा रेडियो इमेजिङ्ग सेवा सम्बन्धी मापदण्डहरू

१४. आधारभूत अस्पतालको फार्मेसी सेवा : (१)दफा १०(४) को फार्मेसी सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिमको देहाय अनुसारको हुनेछ ।

(क) फार्मेसी इकाई सवै बहिरङ्ग विभाग तथा आकास्मिक विभागको सहज पहुँचमा हुनु पर्छ ।

(ख) प्रति २०० जना बहिरङ्ग सेवाका सेवाग्राहीको लागि एउटा डिस्पेन्सिङ्ग काउन्टर हुनु पर्नेछ ।

विजय कुमार मं
प्रशासकीय अधि

(ग) औषधी भण्डारणको लागि छुट्टै भण्डार कोठाको व्यवस्था हुनु पर्नेछ ।
(घ) अन्तरङ्ग सेवाका बिरामीहरुका लागि छुट्टै डिस्पेन्सिङ्ग युनिटको व्यवस्था हुनु पर्नेछ ।
(ङ) फार्मेसी सेवा चौबीसै घण्टा खुला हुनु पर्नेछ ।
(च) फार्मेसी सेवा व्यवस्थापनका लागि ड्रग एण्ड थेराप्युटिक कमिटीको गठन भएको हुनु पर्नेछ ।
(छ) गुणस्तरीय फार्मेसी अभ्यास अनुकुल हुनेगरी औषधी खरिद, भण्डारण, अत्यावश्क औषधी तथा सामग्रीहरुको अभाव हुन नदिन, औषधीको प्राप्ती, निरीक्षण, हस्तान्तरण, औषधीको गुणस्तर हेर्न, इनभेन्टरी व्यवस्थापन, लागु तथा मनोद्दीपक औषधीहरुको भण्डारण, औषधीको गुज्रने म्याद, फोहोर व्यवस्थापन, किरा तथा मुसाहरुको नियन्त्रण गर्न स्तरीय सञ्चालन विधि (Standard Operating Mannual) अपनाएको हुनु पर्नेछ ।
(ज) अस्पतालको फार्मेसी सेवा व्यवस्थापन नेपाल सरकारको अस्पताल फार्मेसी सेवा निर्देशिका २०७२ लाई आधारमानी यस खडक नगरपालिकाबाट स्वीकृत "आधारभूत अस्पतालको फार्मेसी सेवा निर्देशिका" बमोजिम हुनेछ ।

१५. **अस्पतालको प्रयोगशाला सेवा** :(१) नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" दफा ३० बमोजिम "D" वर्गको प्रयोगशाला देहायको मापदण्ड अनुसार संचालन गर्नु पर्नेछ ।

(क) प्रयोगशाला क्षेत्र सम्बन्धी व्यवस्था :(१) क्षेत्रफल : २५० वर्ग फिट

(२) प्रयोगशालाको नक्शाङ्कन (Lay Out) नमूना सङ्कलन गर्ने देखि लिएर विसर्जन सम्म हुने गरी लजिकल फ्लो (Logical Flow) मिलाएको हुनु पर्नेछ ।

(३) नमुना संकलन, नमुना प्रोसेसिङ, नमुना परीक्षण, रिपोर्टिङ आदिको लागि छुट्टा छुट्टै क्षेत्र हुनु पर्नेछ ।

(४) तोकिएको कुल क्षेत्रफलको न्यूनतम ७०% भाग प्रयोगशालासँग सम्वन्धित प्राविधिक परीक्षण कार्यको लागि छुटयाइएको हुनु पर्नेछ । बाँकी ३०% भागमा प्रयोगशालासँग सम्बन्धित अन्य कार्यहरु जस्तै : नमूना संकलन, प्रतिक्षालय, मिटिङ्ग हल, कार्यालय क्षेत्र, भण्डार, शौचालय आदिको लागि व्यवस्था गर्न सकिनेछ ।

(ख) जनशक्ति व्यवस्था :(१) दफा १३ (१)(ख)(४) मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

(२) चौबीस घण्टा आकस्मिक प्रयोगशाला सेवा संचालन गर्न न्यूनतम १ (एक) जना थप जनशक्तिको व्यवस्थापन गर्नु पर्नेछ ।

(३) प्राविधिक जनशक्तिलाई कार्य बमोजिमको आवश्यक तालिमको व्यवस्था गरेको हुनु पर्नेछ ।

(४) न्यूनतम मानव संशाधनको संख्या गणना गर्दा प्रयोगशालाको कार्य बोझको आधारमा फुल टाइम र नियमित पार्ट टाइम जनशक्ति हुनु पर्नेछ । नियमित पार्ट टाइम जनशक्ति भन्नाले दैनिक रुपमा न्यूनतम तीन घण्टा उपलब्ध हुने जनशक्तिलाई मात्र मानिने छ । नयूनतम जनशक्ति प्रयोग गर्दा (२ जना पार्ट टाइम कर्मचारी बराबर १ जना फुल टाइम) कर्मचारी मानिने छ ।

(ग) औजार उपकरण सम्बन्धी व्यवस्था : (१) All Basic Equipment, cosumables, reagents/kits including (but not limited to) :

- Binocular Microscope
- Centrifuge
- Colorimeter
- Water Bath
- VDRL Shaker
- Hot Air Oven
- Micropippettes

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

- DLC counter
- power backup
- Autoclave
- Incubator
- Semi-automated Biochemistry analyzer

(२) उपकरणहरुको सम्भार तालिका बनाइ नियमित रुपमा सम्भार गर्नु पर्नेछ ।

(३) अत्यावश्यक परीक्षणहरुका लागि सोही क्षमताको व्याकअप उपकरणको व्यवस्था हुनु पर्नेछ ।

(ग) परीक्षण सम्बन्धी व्यवस्था :(१) अस्पतालको प्रयोगशालामा देहाय बमोजिम परीक्षण उपलब्ध हुनु पर्नेछ :

(**Hematology :** TC, DC, hemoglobin, ESR, blood grouping for non transfusion purpose, BT,CT, RBC Count, PT, APTT, Platelet count, Hematocrit, Red cell indices

- **Biochemistry :** Sugar, Urea, Billirubin T&D, S. Uricacid, Total protein, serum albumin, SGOT, SGPT, ALP, lipid profile, ,creatinine, sodium, potassium,
- **Microbiology :** sputum AFB stain(z-n stain), Gram stain and KoH mount for fungi
- **Serological test :** RPR, Widal test, ASO Titre, RA Factor, CRP, Test by RDTs :All
- **Miscellaneous** : Stool for occult blood, Urine ketone body,urobillinogen, bile salt, bile pigmen, Bence J ones protein.

१६. नगर अस्पतालको आकस्मिक प्रयोगशाला परीक्षण सम्बन्धी व्यवस्था : (१) नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" दफा ३६ बमोजिम प्रयोगशालामा आकस्मिक परीक्षण सम्बन्धी व्यवस्था देहाय अनुसार हुनु पर्नेछ ।

(क) अस्पतालमा आधारित प्रयोगशालामा आकस्मिक सेवा उपलब्ध हुनु पर्नेछ ।

(ख) आकस्मिक परीक्षणको नतिजा नमूना प्राप्त गरेको अधिकतम २ (दुई) घण्टाभित्र दिनु पर्नेछ ।

(ग) छुट्टै आकस्मिक प्रयोगशाला नभएका अस्पतालले आकस्मिक परीक्षण रुटिन प्रयोगशालाबाटै हुने व्यवस्था गर्न सक्नेछन् । तर आकस्मिक परीक्षणको नतिजा तोकिएकै समयमै प्रदान गर्न स्पष्ट कार्यविधि तय गरेको हुनु पर्नेछ ।

(आकस्मिक परीक्षण अनुसूची १ बमोजिम हुनेछ ।

१७. बायोसेफ्टी सेक्युरिटी सम्बन्धी :(१) प्रयोगशालाको बायोसेफ्टी सेक्युरिटी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ ।

(क) स्वास्थ्य प्रयोगशाला न्यूनतम Biosefti Security Level (BSL)-2 level को हुनु पर्नेछ ।

(ख) बायोसेफ्टी सेक्युरिटीको कार्य सम्बन्धी जिम्मेवार जनशक्ति तोकिएको हुनु पर्नेछ ।

१८. प्रयोगशालाको गुणस्तर सम्बन्धी व्यवस्था : (१) प्रयोगशालाको गुणस्तर सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ ।

(क) प्रयोगशालाले राष्ट्रियस्तरमा सञ्चालन गरेको वाह्य गुणस्तर सुनिश्चितता कार्यक्रम (National Externan Quality Assuarance Scheme) मा सहभागिता जनाउनु पर्नेछ ।

(ख) आन्तरिक गुणस्तर नियन्त्रण (Internal Quality Cotrol) को व्यवस्था दुरुस्त हुनु पर्नेछ ।

विजय कुमार मंड
प्रमुख प्रशासकीय अधिक

CamScanner

१९. **परीक्षण रिफरल सम्बन्धी व्यवस्था** :(१) प्रयोगशालाले परीक्षण रिफरल गर्ने सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ ।

(क) प्रयोगशालाले आफुसँग उपलब्ध नभएका परीक्षणहरु प्रेषण गर्न सक्नेछ । प्रापक (Referral) प्रयोगशाला न्यूनतम "बी" वर्गको र प्रेषक (Referring) प्रयोगशाला न्यूनतम "डी" वर्गको हुनु पर्नेछ ।

(ख) प्रापक र प्रेषक प्रयोगशालाबीच करार सम्झौता (MOU) भएको हुनु पर्नेछ ।

(ग) प्रेषक प्रयोगशालाले नेपालमा हुने प्रयोगशाला परीक्षण देश बाहिरको प्रयोगशालामा प्रेषण गरेको हुनु हुदैन ।

(घ) कुनै पनि प्रयोगशालाले आफ्नै प्रयोगशाला वा देश भित्रै रहेको शाखामा आफुले परीक्षण सेवा सञ्चालन नगरेको परीक्षणको लागि रिफरल प्रयोगशालाको भूमिका निर्वाह गर्न पाउने छैन ।

(ङ) प्रेषण गरिने परीक्षणहरुको सूची निर्धारित भएको हुनु पर्नेछ ।

(च) सेवाग्राहीलाई उसको परीक्षण प्रेषण गरिएको जानकारी हुनु पर्दछ । साथै, सेवाग्राही आफै रेफरल प्रयोगशालामा गई परीक्षण गराउँदा तिर्ने शुल्क र रिफरिङ्ग प्रयोगशाला मार्फत जाँदा तिर्नुपर्ने शुल्कको बारेमा सेवाग्राहीलाई जानकारी हुनु पर्दछ ।

(छ) प्रेषण गरिएका परीक्षणहरुको रिर्पोट रिफरल प्रयोगशालाकै रिपोर्ट फाराममा उपलब्ध गराउनु पर्नेछ ।

(ज) प्रेषण गर्ने नमूनाको ढुवानी विधि तथा नतिजा सूचना प्रवाह गर्ने विधि स्पष्ट हुनु पर्नेछ ।

(झ) नेपालको प्रयोगशालामा नहुने परीक्षण मात्रै देश बाहिर प्रेषण गर्न सकिनेछ । तर, देश भित्र उपलब्ध रहेका परीक्षणहरु कुनै सेवाग्राहीको इच्छा भएमा देश बाहिरको प्रयोगशालामा पठाउन सकिनेछ ।

(ञ) देश बाहिर परीक्षण पठाउँदा अनुसूची २ बमोजिमको ढाँचामा सेवाग्राहीको अनिवार्य लिखित सहमति (Written Consent) लिनु पर्नेछ ।

(ट) **विदेशी रिफरल प्रयोगशाला सूचीकरण सम्बन्धमा :**

(१) देश बाहिरका रिफरल प्रयोगशाला मन्त्रालय/तोकिएको निकायमा सूचीकृत हुनु पर्नेछ ।

(२) विदेशी रेफरल प्रयोगशाला ISO 15189 बमोजिम प्रमाणिकरण भएको हुनु पर्नेछ ।

(३) प्रेषण गरिएका परीक्षणहरुको सूचीको अभिलेख त्रैमासिक रुपमा राष्ट्रिय जन स्वास्थ्य प्रयोगशालामा बुझाउनु पर्नेछ ।

(४) विदेशी रेफरल प्रयोगशालाले नेपालको कुनै एउटा मात्र प्रयोगशाला मार्फत नमूना प्राप्त गर्न सक्नेछ ।

(५) विदेशी रिफरल प्रयोगशालाकन दर्ता जिम्मा नेपाल भित्रको सम्वन्धित प्रेषक प्रयोगशालाको हुनेछ ।

(६) नयाँ विदेशी रिफरल प्रयोगशालाको दर्ता गराउँदा सो को आवश्यकता र औचित्य पुष्टि गर्नु पर्नेछ ।

२०. **अभिलेख सम्बन्धी व्यवस्था** : (१) अस्पताल प्रयोगशालामा देहाय बमोजिमका अभिलेखहरु राख्नु पर्नेछ ।

(क) प्रयोगशालाका मुख्य परीक्षणहरुको SOP

(ख) Equipment user manual

(ग) Equipment maintenance record

(घ) IQC रेकर्ड/EQA रेकर्ड

(ङ) कर्मचारीहरुको व्यक्तिगत विवरण(अनुभव/ तालिम/ शैक्षिक योयग्ता आदिको रेकर्ड

(च) प्रेषण गरिएका परीक्षणको अभिलेख

(छ) प्रेषक र प्रापक प्रयोगशाला वीचमा भएको करारनामा (MOU)

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२१. अस्पताल प्रयोगशाला सम्बन्धी विविध व्यवस्था :प्रयोगशाला सम्बन्धी विविध व्यवस्था देहाय बमोजिम हुनु पर्नेछ ।

(क) इजाजत प्राप्त गरेपछि हरेक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले एक महिनाभित्र इजाजत–पत्र प्रदान गरेको विकाय समक्ष मन्त्रालयले तोके बमोजिमको विवरण सहितको स्वमूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(ख) नेपाल सरकारद्वारा मान्यता प्राप्त रिफरेन्स र राष्ट्रिय प्रयोगशाला वाहेक अन्य कुनैपनि प्रयोगशालाले आफ्नो नाममा " रिफरेन्स र राष्ट्रिय" शब्दको प्रयोग गर्न पाइने छैन ।

(ग) स्थापना भएको एक वर्षसम्म हरेक महिना गरेका परीक्षणहरुकोविवरण अनुमति दिने निकायमा बुझाउनु पर्नेछ ।

२२.रेडियो इमेजिङ्ग सेवा सम्बन्धी व्यवस्था : दफा १०(५) को रेडियो ईमेजिङ्ग सेवा नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" को दफा ४२ बमोजिम गुणस्तर एवं मापदण्ड देहाय अनुसार हुनु पर्नेछ ।

(क) साधारण एक्स–रे सेवा सम्बन्धी व्यवस्था :

(१) एउटा एक्स–रे मेशिन जडान गर्नका लागि कम्तिमा ४५० से.मि ×.४०० से.मि.× २५० से.मि. को कोठा उपलब्ध हुनु पर्नेछ ।

(२) नियन्त्रण गर्ने कोठा एक्स–रे कोठा भन्दा अलग हुनु पर्छ र कम्तिमा १५५से.मि.× १२० से.मि. को हुनु पर्नेछ ।

(३) प्रोसेसिंङ कोठा एक्स–रे कोठा भन्दा अलग हुनु पर्नेछ ।

(४) प्रतिक्षा गर्ने र रिपोर्ट दिने कोठा अलग अलग हुनु पर्नेछ ।

(५) देहाय बमोजिमका कोठाको व्यवस्था गरी विकिरण चुहावट नियन्त्रण गर्नु पर्नेछ : –

(अ) ढोक्ा र हेर्ने भ्याल (भ्युईङ भ्याल) मा २ मि.मि. वाक्लो सिसा(लिड) भएको ।

(आ) ०.२ मि.मि. वाक्लो सिसा (लिड) र १५ से.मि. ईटाको भित्ता वा २५ से.मि.ईटाको भित्ता वा कंक्रिटको भित्ता भएको ।

(इ) सम्भव भए सम्म भ्याल नभएको कोठा, कोठाको भेन्टिलेशन जमिन देखि १८० से.मि. माथि रहेको र आफै वन्द हुने स्वचालित ढोका भएको ।

(ई) मोवाइल एक्स–रे उपकरण संचालन गर्दा तारको लम्वाई कम्तिमा २०० से.मि. भएको ।

(६) पोर्टेवल एक्स–रे उपकरणहरु सधैं एक खण्ड (स्ट्याण्ड) मा राखिएको हुनु पर्नेछ ।

(७) कम्तिमा एउटा २ मि.मि.वाक्लो लिड एप्रोन वा बरावरको विकिरणबाट सुरक्षा दिने सामग्री हुनु पर्नेछ ।

(८) कम्तिमा ०.२ मि.मि. वाक्लो चश्मा, लिडको पन्जा, थाईराइड शिल्ड र गोनाड शिल्ड उपलब्ध हुनु पर्नेछ ।

(९) विकिरण क्षेत्रमा काम गर्ने प्राविधिक कर्मचारीलाई विकिरण निगरानी उपकरण) पर्सनल रेडिएशन डोज मनिटर) प्रदान गर्नु पर्नेछ र उक्त उपकरणको नियमित परीक्षण तीन/तीन महिनामा गर्नु पर्नेछ ।

(१०) बिकिरण क्षेत्रमा काम गर्न कर्मचारीहरुको लागि विकिरणको डोजको सिमा इन्टरनेशनल कमिशन अन रेडियोलोजिकल प्रोटेक्सनले तोकेको मापदण्ड अनुसार २० मि. लि. सिवर्ट प्रति वर्ष वा पाँच वर्षको औसत १०० मि. लि. सिवर्टको सीमाभित्र हुनु पर्नेछ । त्यो सीमा भन्दा वढी भएमा सम्वन्धित संस्थाले उक्त कर्मचारीलाई विकिरण मुक्त क्षेत्रमा काम गर्ने व्यवस्था गर्नु पर्नेछ ।

(११) आवधिक रुपमा मेडिकल फिजिसिष्ट वा विकिरण संरक्षण अधिकृतबाट एक्स–रे कोठाको वरीपरी सर्वेक्षण गराउनु पर्नेछ ।

(१२) एक्स–रे को राम्रो इमेज प्राप्त गर्न मानक एक्सपोजर मापदण्डहरुको चार्ट (Standard Exposure Parameter Chart)प्रयोग गर्नु पर्नेछ ।

निजा कुमार मंडल

CamScanner

(१३) बैकल्पिक विद्युत आपुर्तिको लागि Back up को व्यवस्था हुनु पर्नेछ ।

(ख) अल्ट्रासोनोग्राम सेवा सम्बन्धी व्यवस्था :

(१) इमर्जेन्सी सेवामा चाहिने औषधि लगायत औजार उपकरणहरुको राम्रो व्यवस्था हुनु पर्नेछ ।

(२) स्ट्रेचर/ह्विलचेयरको व्यवस्था हुनु पर्नेछ ।

(३) शैचालय तथा चेन्जिङ्ग रुमको राम्रो व्यवसथा हुनु पर्नेछ ।

(४) अन्य व्यवस्था साधारण एक्स–रेमा जस्तै हुनु पर्नेछ ।

(ग) रेडियोलोजी सेवाको लागि आवश्यक पर्ने उपकरणहरु : रेडियोडाइग्नोसिस तथा इमेजिङ्ग सम्बन्धी उपकरणहरु मन्त्रालयको स्वीकृति विना नेपालभित्र ल्याउन र सञ्चालन गर्न पाइने छैन । आधारभूत अस्पतालको रेडियोलोजी सेवाका उपकरणहरु देहाय बमोजिम हुनु पर्नेछ :–

(१) 500 MA X-Ray with Image Intensifier (१ थान)

(२) Ultrasound Machine with Color Doppler (१ थान/१५ वेड)

(घ) सेवा सञ्चालन गर्नका लागि अतिरिक्त व्यवस्था :

(१) आइपर्न सक्ने गम्भिर प्रकृतिका असरहरुलाई तत्काल उपचारको लागि इमर्जेन्सीमा चाहिने औषधि लगायत औजार उपकरण र आवश्यक चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीहरुको उपलब्धता हुनु पर्नेछ ।

(२) स्ट्रेचर/ह्विलचेयरको व्यवस्था हुनु पर्नेछ ।

(३) विकिरण क्षेत्रमा काम गर्ने कर्मचारीमो लागि नेपाल सरकारले तोके बमोजिम हुने गरी जोखिम भत्ताको व्यवस्था हुनु पर्नेछ ।

(४) इमर्जेन्सी प्रयोजनका लागि आधारभूत उपकरण तथा औषधीहरु देहाय बमोजिम हुनु पर्नेछ :–

औषधि	औजार/उपकरण
– IV Fluid/ IV Canula	—Ambu Bag,Suction Machine
– Atropine/Adrenaline	— Intubation/Tray air base
– Hydrocortisone	— Laryngoscope,ET tube O_2Cylinder

परिच्छेद ५

अस्पतालको अस्पताल सहयोग सेवा र अन्य सेवा सम्बन्धी व्यवस्था तथा मापदण्डहरू

२३. **सामाजिक सेवा सम्बन्धी व्यवस्था** :अस्पतालको सामाजिक सेवा सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :–

(क) नगर अस्पतालले सामाजिक सेवा व्यवस्थापन कार्य सकेसम्म सामाजिक सेवा इकाईको व्यवस्था मार्फत गर्नेछ ।

(ख) अस्पतालमा आउने विरामी एवं सेवाग्राहीहरुलाई आवश्यक पर्ने जानकारी गराउन सोधपुछ तथा सहायता कक्षको व्यवस्था OPD Counter अगाडी नै गर्नुपर्ने हुन्छ ।

(ग) अस्पतालमा उपचारका लागि आउने बिपन्न, असहाय, बेवारिसे विरामीका लागि कुल शैयाको १०% (दश प्रतिशत) शैया छुट्टयाई निःशुल्क उपचार गर्नेछ ।

(घ) सामाजिक सेवा सम्बन्धी सेवाहरु २४(चौवीस) घण्टा उपलब्ध गराउनेछ ।

(ङ) नागरिक बडा–पत्रमा सामाजिक सेवा सम्बन्धी सेवा समेत उल्लेख गर्नु पर्नेछ ।

(च) प्रेषण : विरामीलाई अन्यत्र प्रेषण गर्दा उपचार मापदण्डका आधारमा पहिचान गरी सो को अभिलेख राख्नु पर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(छ) अभिलेख तथा प्रतिवेदन : निःशुल्क तथा आंशिक शुल्क छुट सेवा लिने बिरामीहरुको व्यवस्थित रुपमा अभिलेख राख्ने र सो को मासिक, चौमासिक, वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा पठाउनु पर्नेछ ।

(ज) सामाजिक सेवा अन्तर्गत आंशिक छुट तथा निःशुल्क सेवा लिएका व्यक्तिहरुको विवरण मासिक रुपले देखिने गरी टाँस्नु पर्नेछ ।

२४. **स्वास्थ्य बीमा सेवा सम्बन्धी व्यवस्था** :अस्पतालको स्वास्थ्य बीमा सेवा सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :–

(क) नगर अस्पतालले प्रथम सेवा बिन्दुको रुपमा स्वास्थ्य बीमाको कानून बमोजिमको सम्पुर्ण सेवाहरु उपलब्ध गराउने छ ।

(ख) आवश्यक सेवा उपलब्ध गराउन नसक्ने अवस्थामा स्वास्थ्य बीमाको उल्लेखित अनुसूचीको ढाचामा प्रेषण पुर्जी भरी नजिकको सेवा प्रदायक स्वास्थ्य संस्थामा पठाउने छ ।

(ग) अस्पतालले सेवा प्रदान गर्दा लाग्न सक्ने अनुमानित खर्च बारे बीमितलाई सेवा गर्नु अगाडी नै जानकारी गराउनु पर्नेछ ।

(घ) अस्पतालले स्वास्थ्य बीमा सम्बन्धी सेवा उपलब्ध गराउँदा बीमितलाई शिष्टाचारपूर्वक व्यवहार गर्नु पर्नेछ ,सम्झौता बमोजिमको सेवा सुविधाको प्याकेज गुणस्तरीय रुपमा उपलब्ध गराउनेछ र उक्त प्याकेज निरन्तर उपलब्ध गराउने व्यवस्था सुनिश्चित गर्नेछ ।

(ङ) अस्पतालले स्वास्थ्य बीमा सेवा वापतको मूल्य दावी स्वास्थ्य बीमा सूचना प्रणालीमा आवश्यक कागजात तथा बिल समयमै प्रविष्ट गरी गर्नु पर्नेछ ।

(च) अस्पतालले अस्पताल परिसरभित्रै स्वास्थ्य बीमा सम्वन्धी औषधी वितरण कक्ष संचालन गर्नेछ ।

(छ) अस्पतालले स्वास्थ्य बीमाका सेवाग्राहीका लागि दर्ता एवं सोधपुछको लागि उचित व्यवस्था गर्नेछ ।

२५.**संक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी व्यवस्था**:– (१) अस्पतालमा प्रयोग हुने औजार उपकरणहरुको दुषण निवारण, निःसंक्रमण तथा निर्मलीकरण सम्वन्धी छुट्टै जिम्मेवारी अन्तर्गत कार्य व्यवस्थापन गर्नु पर्नेछ ।

(२) संक्रमण रोकथामका लागि स्वास्थ्यकर्मी लगायत फोहोरमैला व्यवस्थापन सँग सम्वन्धित कर्मचारीहरुलाई आवश्यक अभिमुखिकरण तालिम दिनु पर्नेछ ।

(३) कामको प्रकृति र आवश्यकता अनुसार कर्मचारीहरुलाई आवश्यक परिमाणमा व्यक्तिगत सुरक्षा सामग्री (PPE) उपलबध गराउनु पर्नेछ ।

(४) सेवा प्रदायकको सुरक्षाका लागि आवश्यक पर्ने खोप तथा औषधिको व्यवस्था गर्नु पर्नेछ ।

(५) स्वास्थ्य संस्थाजन्य संक्रकणबाट बचाउनको लागि स्वास्थ्यजन्य फोहोर मैलाको प्रचलित मापदण्ड अनुसार व्यवस्थापन गर्नु पर्नेछ ।

(६) अस्पतालका प्रमुख सथानहरु (जस्तै प्रवेश स्थल, इमर्जेन्सी कक्ष, अन्तरङ्ग विभाग, वहिरङ्ग विभाग लगायत) मा हात धुन मिलने व्यवस्था वा स्यानिटाइजरको वयवसथा गर्नु पर्नेछ ।

(७) प्रत्येक प्रोसिडर पछि प्रयोग भएका सामानलाई अटोक्लेभ गरी निःसंक्रमित गर्नु पर्नेछ ।

(८) संक्रमण रोकथाम तथा नियन्त्रण सम्वन्धी आवश्यकता अनुसार कार्य समुह गठन एवं परिचालन गर्नु पर्नेछ ।

२६. **जन–स्वास्थ्य सेवा सम्बन्धी व्यवस्था** : (१) यस अस्पतालले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, प्रदेश सरकार, तथा खडक नगरपालिकाले तोके बमोजिम जनस्वास्थ्य सेवाहरु उपलब्ध गराउने छन् ।

(२) कुनै विशेष कारणले उल्लेख गरे बमोजिमका सेवाहरु उपलब्ध गराउन नसक्ने भएको अवस्थामा नगर कार्यपालिकाको कार्यालय तथा तालुकदार अन्य कार्यालयमा सूचित गर्नु पर्नेछ ।

(३) नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको सेवा तथा कार्यक्रमसँग सम्बद्ध प्रोटोकल, मापदण्ड, निर्देशिकाहरुको पालना गर्नु पर्नेछ ।

(४) यस अस्पतालले उपलब्ध गराएका सेवाहरुको अभिलेख राखी खडक नगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सो को प्रतिवेदन नियमित रुपले पठाउनु पर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

२७. **स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था** : (१)यस अस्पतालको स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन नेपाल सरकारको स्वास्थ्य संस्थाजन्य फोहोमैला व्यवस्थापन निर्देशिका २०७१, फोहोर मैला व्यवस्थापन निर्देशिका २०७७ तथा "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" वमोजिम देहाय अनुसार गर्नु पर्नेछ :–

(क) तयारी तथा क्षमता अभिवृद्धि : (१) अस्पतालको स्वास्थ्य जन्य फोहोरमैला व्यवस्थापनको कार्ययोजना तयार गरी अस्पताल प्रमुखबाट स्वीकृत गराई कार्यान्वयन गर्नु पर्नेछ ।

(२) अस्पताल प्रमुख नेतृत्वमा सबै विभाग तथा इकाईको प्रतिनिधित्व गराइ स्वास्थ्यजन्य फोहोरमैला व्यवस्थापन समिति गठन गरी सबै सदस्यहरुको निर्दिष्ट जिम्मेवारी परिभाषित गरी पालना गराउनु पर्नेछ ।

(३) स्वास्थ्यजन्य फोहोर व्यवस्थापन सम्वन्धी तालिम दिई कम्तीमा १(एक) जना कर्मचारीलाई दिनु पर्नेछ ।

(ख) उत्पादन तथा वर्गीकरण : (१) फोहोरमैलाको स्रोतमा नै छुट्टयाई तोकिएको कन्टेनरमा जम्मा गर्नु पर्छ । साथै सो सम्वन्धी सेवाग्राही तथा कुरुवासमेतलाई जानकारी दिनु पर्नेछ ।

(२) फोहोरमैला वर्गीकरणका लागि विभिन्न रङ्गको वाल्टिन तथा डस्टविनहरुको फोहोर उत्पादन स्थलमा राख्ने व्यवस्था गर्नु पर्नेछ ।

(३) फोहोर व्यवस्थापनमा प्रयोग हुने वाल्टिन तथा डस्टबिनहरुमा देहाय वमोजिमका रङ्ग कोडिङ्ग मापदण्ड लागु गरिएको हुनु पर्नेछ :–

- ✓ हरियो रङ्ग : कुहिने फोहोरको लागि
- ✓ निलो रङ्ग : नकुहिने फोहोरको लागि
- ✓ रातो रङ्ग : जोखिमयुक्त फोहोरको लागि(संक्रमित, प्याथोलोजिकल, धारिलो तथा साइटोटक्सिक औषधी)
- ✓ पहेलो रङ्ग : [illegible] युक्त रसायनिक फोहोरको लागि
- ✓ कालो रङ्ग : रेडियाधर्मी फोहोरको लागि

(४) फोहोर वर्गीकरण, संकलन तथा भण्डारणका लागि प्रयोग हुने हरेक वाल्टिन तथा विन(औषधी उपचार ट्रली समेतमा प्रयोग हुने) मा तस्वीर एवं विवरण सहितको लेवलिङ्ग गर्नु पर्नेछ ।

(५) संक्रमित सुई नष्ट गर्ने उपकरण (Needle Cutter jf Needle Destroyer) को व्यवस्था हुनु पर्नेछ ।

(ग) भण्डारण तथा ओसार पसार :(१)वर्गीकरण गरिएको फोहोरहरुलाई छुट्टाछुट्टै भण्डारण गर्नु पर्नेछ ।

(२) हावा र प्रकाश आउने छुट्टै कोठा/स्थानको व्यवस्था गरी संक्रमित फोहोरलाई गर्मी मौसममा २४ घण्टा र चिसो मौसममा ४८ घण्टाभित्र विसर्जन गर्ने व्यवस्था गर्नु पर्नेछ

(३) सामान्य र जोखिमयुक्त फोहोरलाई छुट्टाछुट्टै ट्रलीको प्रयोग गरी भिडभाड नहुने समय र क्षेत्र हुदै ओसार पसार गर्नु पर्नेछ ।

(घ) फोहोरको उपचार : (१) संक्रमित फोहोरको उपचार : देहाय वमोजिमको प्रविधि प्रयोग गरी संक्रमित फोहोरलाई निःसंक्रमण गर्नु पर्नेछ ।

(अ) नबाल्ने प्रविधिहरु (Non burn technologies) जस्तै :Autoclave, Microwave, Friction Heat based आदि ।

(आ) रसायनिक विधिमा आधारित (Chemical Disinfection)

(इ) इन्क्याप्सुलेशन -Encapsulation_

(ई) Septic Concrete Vault

(उ)Bureal (धारिलो फोहोरका लागि खाडल)

(२) प्याथोलोजिकल फोहोरको उपचार : देहाय वमोजिमको तरिकाले प्याथोलोजिकल फोहोरको उपचार गर्नु पर्नेछ ।

(अ) Placenta Pit

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(आ) Anaerobic Digester/Biogas

(३) रसायनिक फोहोरको उपचार : देहाय बमोजिमको तरिकाले रसायनिक फोहोरको उपचार गर्नु पर्नेछ ।

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation)/निष्क्रिय पारेर(Inertization)

(४) औषधिजन्य फोहोरको उपचार : देहाय बमोजिमको तरिकाले औषधिजन्य फोहोरको उपचार/व्यवस्थापन गर्नु पर्नेछ ।

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation)/निष्क्रिय पारेर(Inertization)

(इ) अलकालाइन हाइड्रोलाइसिस (Alkaline Hydrolysis) पद्धति

(५) साइटोटक्सिक फोहोरको उपचार : देहाय बमोजिमको तरिकाले साइटोटक्सिक फोहोरको उपचार/व्यवस्थापन गर्नु पर्नेछ ।

(अ) निर्यातकर्ता/उत्पादकलाई नै फिर्ता गर्ने नीति (Return Back policy)

(आ) इन्क्याप्सुलेशन (Encapsulation)/निष्क्रिय पारेर(Inertization)

(इ) रसायनिक तथा भैतिक उपचार (Neutralization, Detoxyfication, Chemical Reduction Or Oxydation, Hydrolysis and Others)

(६) अस्पतालमा उत्पादन हुने फोहोरको निःसंक्रमण अस्पतालमा नै गर्नु पर्नेछ ।

(ङ) फोहोरमैलाको विसर्जन (Disposal) :

(१) तोकिएको प्रविधिहरुबाट उपचार गरे पश्चात साधारण फोहोलाई स्थानीय तहको फोहोर संकलन तथा व्यवस्थापन प्रणालीसँग एकीकृत रुपमा विसर्जन गर्ने वा पुनःचक्रीय गर्न मिल्ने असंक्रमित सामग्रीहरुलाई पुनःचक्रीय प्रणालीमा लैजाने गर्नु पर्नेछ ।

(२) कुहिने फोहोरमैलाहरुलाई प्राङ्गारिक मल बनाएर वा बायोग्यास (Anaerobic Digestion/Biogas) प्रविधि प्रयोग गरी विसर्जन गर्नु पर्नेछ ।

(च) व्यक्तिगत सुरक्षाका उपायहरु :

(१) फोहोर व्यवस्थापन गर्दा व्यक्तिगत सुरक्षा कवच(टोपी, मास्क,ग्लोभ्स,चस्मा, बुट, गाउन, फेस सिल्डइत्यादि) को प्रयोग गर्नु पर्नेछ ।

(२) स्वास्थ्यकर्मी, फोहोर संकलक तथा सम्बन्धित पेशाकर्मीहरुले प्रोटोकल अनुसार हेपाटाइटिस बी (Hepatitis B),Tetanus लगायतका संक्रमण विरुद्धको खोप लगाएको हुनु पर्नेछ ।

(३) Post Exposure Prophulaxis(PEP) सुविधा नभएका स्वास्थ्य संस्थाहरुले उक्त सेवाका लागि सेवा प्रदायक संस्थाको पहिचान गरी सम्वन्धित कर्मचारीलाई सो को पूर्व जानकारी दिनु पर्दछ ।

२८. खानेपानी, सरसफाइ, विद्युत आपुर्ति, गार्डेन,गाडी पार्किङ्ग तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था : खानेपानी, सरसफाइ, विद्युत आपुर्ति, गार्डेन,गाडी पार्किङ्ग तथा मर्मत सम्भार सम्वन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसार हुनु पर्नेछ ।

(क) खानेपानी सम्बन्धी व्यवस्था : (१) पानीको स्रोत : अस्पतालमा प्रयोग गरिने पानी सुधारिएको स्रोतको हुनु पर्नेछ । (सुधारिएको पानीको स्रोत भन्नाले पाईपबाट आउने पानी, बोरहोल, सुरक्षित ईनार, सुरक्षित कुवा, आकाशे पानी, ईजाजत प्राप्त वितरकबाट प्याकेज गरिएको वा ढुवानी गरिएको पानी भन्ने बुझिन्छ ।

(२) पानीको परिमाण : अस्पतालका विभिन्न शाखांहरुलाई आवश्यक पर्ने पानीको परिमाण देहायको तालिका अनुसार हुनेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

महत्वपुर्ण क्षेत्रहरु	पानीको परिमाण
बहिरङ्ग विभाग	५लिटर प्रति परामर्श
अन्तरङ्ग विभाग	४०–६० लिटर प्रति विरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
शल्यक्रिया कक्ष र प्रसुति कक्ष	१०० लिटर प्रति शल्यक्रिया
सुख्खा र पुरक खाना केन्द्र	०.५–५ लिटर प्रति परामर्श (कुर्नुपर्ने समयमा निर्भर हुने)
भिजेको(तरल पदार्थ सहित) पूरक खाना केन्द्र	१५ लिटर प्रति परामर्श
अन्तरङ्ग उपचारात्मक खाना केन्द्र	३० लिटर प्रति विरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
हैजा तथा झाडा पखाला उपचार केन्द्र	६० लिटर प्रति विरामी प्रति दिन
	१५ लिटर प्रति स्याहारकर्ता प्रति दिन
गम्भीर घातक श्वास प्रश्वास सम्बन्धी रोग	१०० लिटर प्रति विरामी प्रति दिन
भाइरल रक्तश्रावयुक्त ज्वरो केन्द्र	३००–४०० लिटर प्रति विरामी प्रति दिन
प्याथोलोजी प्रयोगशाला	१० लिटर प्रति जाँच
आकास्मिक शिविर हव अस्पताल (कर्मचारी, स्याहारकर्ता र विरामीलाई हैजा झाडा पखाला र भाइरल ज्वरो जस्ता रोगबाट बचाउनका लागि पानीको सघन व्यवस्थापन आवश्यक हुन्छ)	आकास्मिक शिविर हव अस्पतालका लागि वैकल्पिक पानी वितरण (विद्यमान परिमाणमा दैनिक पानी वितरण क्षमता बराबर हुने गरी)
पानीको वितरण अवरुद्ध भएको अवस्थाको लागि वैकल्पिक व्यवस्था	पानीको वितरण प्रणाली अवरुद्ध भएको अवस्थाको लागि अस्पतालमा न्युनतम २ दिनको जगेडाको व्यवस्था गर्नु पर्दछ ।

(३) पानी भण्डार गर्ने टयांकीको क्षमता पानीको मुख्य वितरण प्रणाली अवरुद्ध भएको अवस्थामा समेत कम्तीमा ३ (तीन दिनसम्म पुग्ने हुनु पर्दछ ।

(४) खानेपानीको गुणस्तर राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ ले तोके बमोजिम हुनु पर्नेछ । साथै जार वा टयांकरको पानी टयांकर निर्देशिका २७३ बमोजिम हुनु पर्नेछ ।

(५) अस्पतालले पानी सुरक्षा योजना (Water Safety Plan-WSP) तयार गरी सो बमोजिम कार्यान्वयन गर्नु पर्नेछ ।

(६) चिकित्सकीय प्रयोजनको लागि प्रयोग गरिने पानी कम्तिमा खानेपानीको गुणस्तर अनुरुप हुनु पर्नेछ ।

(७) खानेपानी वितरण गर्ने विन्दु र अन्य प्रयोगको लागि वितरण गर्ने पानीको विन्दु फरक फरक हुनु पर्नेछ ।

(ख) सरसफाइ सम्बन्धी व्यवस्था :

(१) बिरामी तथा कुरुवाको लागि नुहाउने घरको व्यवस्था हुनु पर्नेछ ।

(२) महिला तथा पुरुषको लागि छुट्टाछुट्टै शौचालय हुनु पर्नेछ ।

(३) अस्पताल परिसर तथा वार्डहरु सधैं सफा हुनु पर्नेछ ।

(४) अस्पातलजन्य फोहोरमैला व्यवस्थापनको लागि फोहोर सेग्रिगेशन, कलेक्सन, ट्रान्सपोर्ट्स, ट्रिटमेन्ट र अन्तिम बिसर्जन छुट्टै योजना तयार गरी उपयुक्त प्रविधिबाट फोहोरमैला व्यवस्थापन गर्नु पर्नेछ । यस सम्बन्धी थप व्यवस्था फोहोरमैला व्यवस्थापन ऐन २०६८, फोहोरमैला व्यवस्थापन सम्वन्धी नियमावली, २०७० र स्वास्थ्य संस्थाजन्य फोहोर मैला व्यवस्थापन निर्देशिका, २०७७ ले तोके बमोजिम हुनु पर्नेछ ।

(५) मर्करीयुक्त उपकरणहरुको सट्टामा डिजिटलाइज्ड उपकरणहरु प्रयोगमा ल्याउनु पर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ग) विद्युत आपुर्ति :

(१) अस्पतालमा चौबीसै घण्टा विद्युत आपूर्तिको व्यवस्था हुनु पर्नेछ । सम्भव भएसम्म डेडिकेटेड लाइन जोडिएको हुनु पर्नेछ । अस्पतालको ICU, OT, ER कक्षमा निरन्तर आपुर्तिको लागि ब्याक अप सिस्टम जस्तै इन्भर्टर, जेनेरेटर, सोलार सिस्टम राखेको हुनु पर्नेछ ।

(२) अस्पतालमा विद्युतको बैकल्पिक व्यवस्थापनको लागि प्रयोग हुने उपकरण सञ्चालनको लागि कम्तिमा ७ दिनसम्म पुग्ने इन्धनको व्यवस्था राखेको हुनु पर्नेछ ।

(३) अस्पतालमा सञ्चालन हुने X-ray, USG, Laboratory equipment लगायतका उपकरणहरुको विद्युतबाट हुन सक्ने क्षति न्यूनिकरणको लागि अनिवार्य भोल्ट गार्डको व्यवस्था गर्नु पर्नेछ ।

(४) ५० शैयाभन्दा माथिका अस्पतालको लागि ३ फेजको विद्युत लाइनको व्यवस्था हुनु पर्नेछ र अर्थिङ्ग गरी सुरक्षित बनाइएको हुनु पर्नेछ ।

(घ) गार्डेनको व्यवस्था :

(१) अस्पताल परिसरमा रुख विरुवा तथा फलफूलहरु रोपी हरियाली कायम गरेको हुनु पर्नेछ ।

(२) बगैचा परिसरमा विरामी तथा कुरुवाहरुको लागि बस्ने व्यवस्था गरिएको हुनु पर्नेछ ।

(३) जमिन मुनिको पानीको रिचार्जको लागि खुल्ला स्थानको व्यवस्था हुनु पर्नेछ ।

(ङ) पार्किङ्गको व्यवस्था :

(१) अस्पतालमा आवश्यकता अनुसार कर्मचारी तथा सेवाग्राहीको लागि सवारी साधन पार्किङ्गको व्यवस्था हुनु पर्नेछ ।

(२) तीन शैयाको अनुपातमा १ गाडी पार्किङ्ग वा २५ प्रतिशत जग्गा पार्किङ्गको लागि छुटयाउनु पर्नेछ (फरक पर्न आएमा जुनले बढी हुन्छ सोहिलाई आधार मान्नु पर्नेछ ।)

(३) अस्पतालमा सवारी साधनको लागि सकेसम्म आउने र जाने बाटो छुट्टाछुट्टै व्यवस्था भएको हुनु पर्नेछ ।

(४) पार्किङ्ग क्षेत्रमा सवारी साधन राख्ने स्थानको रेखाङ्कन गरेको हुनु पर्नेछ ।

(५) एम्बुलेन्स तथा शव वाहनको लागि छुट्टै पार्किङ्गको व्यवस्था गरेको हुनु पर्नेछ ।

(६) दुई पाङ्ग्रे तथा चार पाङ्ग्रे सवारी साधनको लागि छुट्टाछुट्टै पार्किङ्ग क्षेत्र छुटयाइएको हुनु पर्नेछ ।

(च) मर्मत सम्भार :

(१) अस्पतालले प्रयोग गर्ने उपकरण तथा औजारहरु सेवा अवरुद्ध नहुने गरी समयमा नै मर्मतको व्यवस्था गरेको हुनु पर्नेछ ।

(२) ठूला र गम्भीर प्रकृतिका औजार उपकरणहरुको कम्पनीले निर्दिष्ट गरेको मर्मत अवधि अनुसार मर्मत सम्भार कार्ययोजना बनाई मर्मत सम्भार गरेको हुनु पर्नेछ ।

(३) अस्पतालको भवन, सवारी साधन, मेशिनरी औजार यन्त्र उपकरण विद्युतीय उपकरणहरुको नियमित मर्मत सम्भार गर्ने व्यवस्था मिलाएको हुनु पर्नेछ ।

(४) अस्पतालको औजार उपकरणहरुको मर्मत सम्भारको लागि बायो मेडिकल टेक्निसियन/बायो मेडिकल इन्जिनियरको उवलब्धताको सुनिश्चितता गरेको हुनु पर्नेछ ।

(५) अस्पतालको औजार उपकरणहरुको इन्भेन्टरी तथा मर्मत सम्भार गरेको विस्तृत विवरण सहितको सूची तयार गरेको हुनु पर्नेछ ।

(६) बिग्रिएका तथा मर्मत गरी प्रयोगमा नआउने सामानहरुको नियमानुसार वार्षिक रुपमा लिलामी गर्ने व्यवस्था मिलाअनु पर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

परिच्छेद ६

अस्पतालको अक्सिजन, औजार, तथा उपकरण सम्बन्धी व्यवस्था तथा मापदण्डहरू

२८. **अक्सिजन सम्बन्धी व्यवस्था :** (१) अस्पतालमा अक्सिजन ग्यास निरन्तर रुपमा आपूर्तिको व्यवस्था हुनु पर्नेछ ।

२९. **उपकरण सम्बन्धी व्यवस्था :** (१) प्रयोगशाला उपकरण सम्वन्धी व्यवस्था दफा १६ (ग) तथा उपदफा (५) मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) रेडियो इमेजिङ्ग उपकरण सम्वन्धी व्यवस्था दफा २२ (ग) बमोजिम हुनेछ ।

(३) Cardiac उपकरण सम्वन्धी व्यवस्था देहाय अनुसोर हुनु पर्नेछ ।

Ordinary ECG Machine	(१ थान)
Pulse Oximeter	(२ थान)
BP apparatus table model	(४ थान)
Stethoscope	(४ थान)

(४) Operation Theatre सम्वन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :

Auto Clave HP Horizontal	– Optional
Operation Table Hydraulic Major	(१ थान)
Operation Table Hydraulic Minor	(१ थान)
Autoclave vertical single bin	(२ थान)
Focus lamp ordinary	(२ थान)
Sterilizer Small(Instrument)	(१ थान)
Sterilizer Medium (Instrument)	(१ थान)
Bowl Sterilizer Small	(१ थान)
Bowl Sterilizer Medium	(१ थान)
Diathermy machine (Electric Cautery)	(१ थान)
Suction Apparatus (Electrical)	(२ थान)
Suction Machine (Foot Operated)	(२ थान)
Dehumidifier	(१ थान)
Ultra Voilet Lamp	(१ थान)
Ethyline Oxide Sterilizer	(१ थान)
Microwave sterilizer	(१ थान)

(५) अस्पताल प्याथोलोजी सम्वन्धी उपकरण देहाय बमोजिम हुनु पर्नेछ :

(क) Microbiology/Bacteriology

Incubator	(१ थान)
Hot Air Oven	-- Optional
Microscope	(१ थान)
Centrifuge/Rotator	(१ थान)
Refrigerator	(१ थान)
Auto pipette	(३ थान)

विजय कुमार मण्डल

CamScanner

(ख) Biochemistry

Centrifuge/Rotator	(१ थान)
Hot Air Oven	-- Optional
Refrigerator	(१ थान)
Micro pipette	(१ थान)

(ग) Hematology

Microscope (Binocular)	(१ थान)
Blood Cell Counter (18 Parameter or above)	(१ थान)
Centrifuge/Rotator	-- Optional
Colorimeter	-- Optional
Hot Air Oven	-- Optional
Refrigerator	-- Optional
Counting Chamber	(१ थान)
Computer with Printer	-- Optional
Micro Pippette	-- As per need

-3_ Histopathology

Microscope (Binocular)	(१ थान)
Incubator	-- Optional

-ª_ Microbiology : Virology, Serology

Water Bath	(१ थान)
Hot Air Oven	(१ थान)
Multi-Channel micro pippette	(१ थान)
Vriable Micro pippette	--As per need
Incubator	(१ थान)
Centrifuge	(१ थान)
Weighing Balance	(१ थान)
Autoclave	-- Optional
Stopwatch	(१ थान)

(५) अस्पताल एनेस्थेसिया (Anesthesia) सम्वन्धी उपकरण देहाय वमोजिम हुनु पर्नेछ :

Endo Tracheal tube sets	(१ थान)
Air way (Female)	(१ थान)
Air way (Male)	(१ थान)
Mouth Prop	(१ थान)
Tongue Depressor	(२ थान)
O_2 cylinder for Boyles	(१ थान)

Boyles Apparatus with Fluotec and circle absorber— Optional

Oxygen Concentrator/Cylinder	(१ थान)

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

Monitors ECG,NI BP, SPO_2 with IBP (१ थान)
Transport Monitor ECG, SPO_2 NI BP (१ थान)
Mac Coy Laryngoscope (२ थान)
Intubating LMA 3,4 (४ थान)
Double Lumen Tube (१ थान)
AMBU bag / Mask (४ थान)
Defebrilator -- Optional

(६) Labour ward, Neonatal and Special Newborn Care Unit (SNCU) भएका अस्पतालमा उपकरणहरु देहाय बमोजिम हुनु पर्नेछ :

Emergency Resuscitation Kit -Baby (२ थान)
Standard Weighing Scale (२ थान)
Double- Outlet Oxygen Concentrator -- Optional
Radiant Warmer (१ थान)
Foetal Doppler (२ थान)
Delivery Kit (२ थान)
Episeotomy Kit (२ थान)
Forceps Delivery Kit (१ थान)
Silastic Vaccum Extractor (१ थान)
Pulse Oxymeter BAby & Adult (२ थान)
Nebuliser baby (२ थान)
Weighing MAchine adult (२ थान)
Weighing Machine Infant (२ थान)

Special Newborn Care Unit(SNCU)को लागि आवश्यक उपकरणहरु

Electric heater/warmer (२ थान)
Washing Machije with dryer(Separate) (२ थान)
Electronic fumigator (२ थान)
Vaccum Cleaner (१ थान)
Gown for doctors, nurses,neonatal aids,
Group Dstaff &mother-- Adequate number of each size (essential)
Washable Slippers -- Adequate number of each size (essential)
Vertical Autoclave (१ थान)
Autoclave Drums (Large ,Medium & Small sizes) -- At least 6 of each size
Disinfectant Sprayer (१ थान)
Container for liquid disinfectant (२ थान)
Formaline Vaporizer (१ थान)
Hot Air Oven -- Optional
Ethylene Oxide (ETO) Sterilizer -- Optional

विजय कुमार मंडल

CamScanner

(७) अस्पतालको प्रशासनिक कार्यका लागि आवश्यक पर्ने औजार तथा उपकरणहरु :

- कम्प्युटर, प्रिन्टर,फोटोकपी मेशिन, स्क्यानर,यूपिएस,प्रोजेक्टर,इमेल इन्टरनेट,टेलिफोन
- फर्निचर(आवश्यक संख्यामा)

(८) आकस्मिक तथा अत्यावश्यक औषधि तथा औजारहरुको सूची :

1. Ranitidine, Omeprazole, Pantoprazole(inj)
2. Adrenaline(inj)
3. Chlorpheniramine (inj)
4. Aminophylline (inj)
5. Atropine(inj)
6. Hyoscine Butyl Bromide(inj)
7. Calcium Gluconate(inj)
8. Ciprofloxacin, Ampicillin, Ampi-clox, Ceftriaxone, etc(inj)
9. Deriphylline (inj)
10. Dexamethasone(inj)
11. Dextrose 5% Saline (inj)
12. Dextrose 10% Saline (inj)
13. Dextrose 25% (inj)
14. Dextrose 50% (inj)
15. Diazepam, Lorazepam, Midazolam (inj)
16. 5% Dextrose Saline (inj)
17. Dopamine(inj)
18. Pentazocine (inj)
19. Hydrocotisone (inj)
20. Frusemide (inj)
21. Mannitol (Inj)
22. Metronidazole (inj)
23. Morphine (inj)
24. Nitroglycerine, Labetolo (inj)
25. Normal Saline (inj)
26. Paracetamol (inj)
27. Metochlopramide (inj)
28. Pethidine (inj)
29. Phenitoin (inj)
30. Phenergan (inj)
31. Potassium Chloride (inj)
32. Phenobarbitone (inj)
33. Naloxone (inj)

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

34. Ringer's Lactate (inj)
35. Sodium Bicarbonate (inj)
36. Diclofenac (inj)
37. Dobutamine (inj)
38. Noradrenaline (inj)
39. Isoprenaline (inj)
40. Aminodarone (inj)
41. Magnesium Sulphate (inj)
42. Digoxin (inj)
43. Adensine, Verapamil (inj)
44. Tramostate (inj)
45. Antacid (tab)
46. Aspirin (Tab)
47. Diclofenac (tab)
48. Paracetamol (Tab)
49. Ibuprofen (Tab)
50. Codeine Phosphate (Tab)
51. Prednisolone (Tab)
52. Antibiotics Oral (Tab/Cap)
53. Povidone Iodine Solution
54. Antibiotic Ointment
55. Other as per necessary

(९) आकस्मिक अवस्थाका लागि आवश्यक औजारहरुको सूची :

1. Ambu bag with mask
2. Artery Forceps
3. Salbutamol Inhaler
4. Povidine Iodine
5. Blood Transfusion Set
6. BP Instrument
7. Clinwax ear drop
8. Crepe Bandage 4"
9. Crepe Bandage 6"
10. Dissection Forceps non toothed
11. Dissection Forceps Toothed
12. Disposable Syringe 3cc, 5cc, 10cc, 20cc
13. Endotracheal Tube (Pediatric and Adult) 3.0-8.5
14. Laryngeal Mask Airway 3.0-8.5
15. Foley catheter 6f-20f, 3 way
16. Glove no.6, 6.5, 7, 7.5

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

17. I.V. Canula 14G-24G
18.I.V.Set + Pediatric Burret
19. I.V. Infusion Set
20. C.P.V. line set
21. Chest tube (Different Sizes)
22. Ipratropium Bromide Inhaler + Solution
23. Knee Jerk Hammer
24. Laryngoscope with blade (Adult, Pediatric sizes)
25. Lucoplast
26. Oxymetazoline Nasal Drop
27. Needle Holder
28. Ryle's Tube (N/G Tube)
29. Scissors (Different Sizes)
30. Silver Sulphadiazine Cream
31. Stethoscope
32. Suction Machine with tubes
33. Thermometer
34. Sphygmomanometer
35. Tongue Depressor
36. Torch light
37. Uro Bag
38. Wooden Splint
39. Spinal Board-1
40. Cervical Collor 1-5
41. Antibiotic Injections (Different)
42. Pulse Oxymeter-1
43. Ophthalmoscope-1
44. Otoscope-1
45. Digital Clock
46. K-wire (Different sizes)

परिच्छेद ७
अस्पतालको फरेन्सिक मेडिसिन तथा मेडिको लेगल सेवा सम्बन्धी मापदण्डहरू

३०. अस्पतालको फरेन्सिक मेडिसिन तथा क्लिनिकल मेडको लेगल सेवा नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ :

(१)शवगृह (Mortuary) को व्यवस्था :

(क) शवगृहको लागि छुट्टै ब्लक हुनु पर्नेछ र सो शवगृह वार्ड, आकस्मिक कक्ष तथा अपरेशन थिएटरबाट सहजै पुग्नसकिने गरी ग्राउण्ड फ्लोरमा हुनु पर्नेछ ।

(ख) शवगृह आम नागरिकले प्रयोग गर्ने बाटोदेखि टाढा हुनु पर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ग) पोष्टमोर्टम कोठामा सिंक सहितको स्टेनलेस स्टीलको अटोप्सी टेबुल, शवको Specimen धुनको लागि पानीको व्यवस्था सहितको सिंक र औजारहरु राख्नको लागि कपबोर्डको व्यवस्था हुनु पर्नेछ ।

(घ) पोष्टमोर्टम कोठा वाताअनुकुलित (Air Conditionoing) हुनुको साथै उपयुक्त प्रकाशको व्यवस्था हुनु पर्नेछ ।

(ङ) शवको भण्डारणको लागि कम्तिमा पनि दुइवटा डिफ्रिजर सहितको छुट्टै कोठा हुनु पर्नेछ ।

(च) मृत व्यक्तिको आफन्तहका लागि कुरुवा कक्ष (क्षेत्र) र धार्मिक कार्यको लागि स्थानको व्यवस्था हुनु पर्नेछ ।

(छ) शवगृहमा चाहिने अन्य औजार, उपकरण र पूर्वाधार तथा मानव संशाधनको व्यवस्था चिकित्सकीय कानूनी (मेडिको लेगल) सेवा सञ्चालन निर्देशिका २०७५ मा उल्लेख भए बमोजिम हुनु पर्नेछ ।

(ज) शव परीक्षण तथा प्रतिवेदन तयार गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागु गरेको स्तरीय कार्यविधि(SPO) अनुरुप हुनु पर्नेछ ।

(झ) विपद्का अवस्थामा शवको व्यवस्थापन नेपाल सरकार गृह मन्त्रालयद्वारा जारी गरिएको "विपद पश्चात शवको व्यवस्थापन सम्वन्धी मार्गदर्शन, २०६८ (संशोधन २०७६)" अनुसार हुनु पर्नेछ ।

(ञ) वेवारिसे शवको व्यवस्थापन सम्वन्धमा प्रहरी ऐन, २०१२ को दफा २१(क) अनुसार गरिनु पर्दछ ।

(२) क्लिनिकल मेडिको–लिगल सेवा

(क) अस्पतालमा क्लिनिकल मेडिको–लिगल युनिटको व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ख) क्लिनिकल मेडिको–लिगल कक्षको लागि आवश्यक भौतिक पुर्वाधार, सरसामान तथा मानव संसाधन सम्वन्धी व्यवस्था "चिकित्सकीय कानूनी सेवा सञ्चालन निर्देशिका,२०७५" मा उल्लेख भए अनुरुप हुनु पर्नेछ ।

(ग) क्लिनिकल मेडिको–लिगल परीक्षण तथा प्रतिवेदन, तयार गर्ने कार्य स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले लागू गरेको स्तरीय कार्यविधि(SOP) अनुरुप गर्नु पर्नेछ ।

परिच्छेद ८
अस्पतालको प्रेषण प्रणाली मापदण्ड

३१.अस्पतालको प्रेषण प्रणाली नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

(१) प्रेषण प्रणाली सम्वन्धी व्यवस्था :

(क) अस्पतालले आफ्नो तह अनुसार प्रदान गर्नुपर्ने सेवाको उपलब्धता हुदाहुदै विरामीलाई अर्को संस्थामा प्रेषण गर्नु हुदैन ।

(ख) अस्पतालले तपसिल अनुसारको अवस्थामा सवै भन्दा नजिक वा पायक पर्ने माथिल्लो तहको अस्पतालमा प्रेषण गर्न सक्नेछन् ।

(१) उपचारको लागि आएको सेवाग्राहीलाई आफ्नो स्वास्थ्य संस्थाको संरचना, उपकरण तथा अन्य कारणले उपचार प्रदान गर्न नसकिने,

(२) विशेषज्ञ सेवा नभएको,

(३) थप वा सघन उपचार गर्नु पर्ने,

(४) अन्य कुनै विशेष कारणे उपचार गर्न नसकिने अवस्था ।

(ग) अस्पतालले प्रेषण गरिने अस्पतालको सूची र सम्पर्क विवरण सहजताको लागि देखिने गरी राख्नु पर्दछ ।

(घ) अस्पतालले देहाय बमोजिमका प्रक्रिया अवलम्वन गरी सेवाग्रमहीलाई प्रेषण गर्नु पर्दछ :–

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(१) अस्पतालमा आएका विरामीलाई आवश्यक सबै उपचार प्रदान गर्न नसकिने अवस्था भएमा अस्पतालमा उपलब्ध भएसम्मको उपचार तत्काल प्रदान गरी थप उपचारको लागि थप उपचार प्राप्त हुन सक्ने अस्पताल वा स्वास्थ्य संस्थामा प्रेषण –पूर्जा सहित तत्काल प्रेषण गर्नु पर्नेछ ।

(२) अस्पतालले विरामी वा निजको संरक्षकको लिखित सहमतिमा इच्छाएको स्वास्थ्य संस्थामा प्रेषण गर्न सकिनेछ ।

(३) प्रेषण हुन नचाहेमा थप उपचारका लागि अन्य स्वास्थ्य संस्थामा प्रेषित गर्नु पर्नाको कारण सम्झाउनु पर्नेछ ।

(२) प्रेषण प्रक्रिया तथा व्यवस्थापन :

(क) प्रेषण गर्नु भन्दा पहिले सेवाग्राहीले स्तरीय उपचार प्रोटोकल अनुसार स्वास्थ्य संस्थामा उपलब्ध सबै आवश्यक सेवा पाएको हुनु पर्नेछ ।

(ख) सेवाग्राहीले पाएको उपचार विवरण स्पष्टसँग अभिलेख राख्नु पर्नेछ ।

(ग)जनस्वास्थ्य सेवा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार प्रेषण गर्नु पर्नेछ ।

(घ) प्रेषण गर्ने पुर्व पहिचान गरिएको हुनु पर्नेछ । साथै प्रेषण पुर्जामा आफ्नो अस्पतालको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ ।

(ङ) प्रेषण गर्दा सेवाको सुनिश्चितता गरेर मात्र प्रेषण गर्नु पर्नेछ ।

(च) स्वास्थ्य सेवा प्रदान गर्दा स्तरीय उपचार प्रोटोकल अनुसार सबै सेवा उपलब्ध गराउनु पर्नेछ ।

(छ) विरामीको अवस्था स्थिर(Stable) भएपछि मात्र प्रेषण गर्नु पर्नेछ ।

(ज) प्रेषण पुर्जामा सम्बन्धित विवरण उल्लेख गरी सो को एक प्रति अस्पतालमा सुरक्षित राख्नु पर्नेछ ।

(झ) प्रेषण गरिने स्वास्थ्य संस्थालाई उपलब्ध माध्यमबाट सेवाग्राहीको अवस्था र निदानबारे अग्रिम जानकारी गराइ प्रेषण गर्नु पर्नेछ ।

(ञ) प्रेषण गर्दा सो बारेको जानकारी विरामी वा निजको संरक्षक वा निजलाई उपचारको लागि अस्पतालमा ल्याउने व्यक्तिलाई दिनु पर्नेछ ।

(ट) प्रेषण भएको स्वास्थ्य संस्थाबाट पृष्ठ पोषण प्राप्त भएमा सेवाग्राहीलाई सोही अनुसार उपचार तथा फलोअप सेवा प्रदान गर्नु पर्नेछ ।

(ठ) प्रेषण गर्दा उपलब्ध भएसम्म एम्बुलेन्सबाट पठाउने व्यवस्था गर्नु पर्दछ र प्रेषण गरिएका विरामीको विवरण अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(ड) प्रेषण भएर आउने विरामीलाई यथाशक्य चाँडो सेवा दिन पुर्वाधार, जनशक्ति, औषधी तथा उपकरणहरुको व्यवस्था गर्नु पर्नेछ ।

(ढ) सम्भव भएसम्म प्रेषण भएर आउने विरामीको बारेमा प्रेषण गर्ने स्वास्थ्य संस्थाबाट आवश्यक जानकारीहरु लिई पूर्वतयारीमा रहनु आवश्यक हुन्छ ।

(ण) विरामी आउने बितिकै आवश्यक जाँच तथा परीक्षण गरी रोगको गाम्भिर्यताका आधारमा तत्कालै आवश्यक उपचार शुरु गर्नु पर्दछ ।

(त) आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ चिकित्सकसँग परामर्श गरी उपचार गर्नु पर्छ ।

(थ) उपचार पश्चात प्रेषण गर्ने स्वास्थ्य संस्थामा पृष्ठपोषण समेत उल्लेख गरी प्रेषण फिर्ती पूर्जा सहित फिर्ता गर्नु पर्दछ ।

परिच्छेद ९
अस्पतालको क्यान्टिन तथा पोषण व्यवस्थापन सम्बन्धी मापदण्ड

३२. अस्पतालको क्यान्टिन तथा पोषण व्यवस्थापन सम्बन्धी व्यवस्था नेपाल सरकारको "स्वास्थ्य संस्था संचालन मापदण्ड (पहिलो संसोधन) २०७८" बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

विजय कुमार मंडल
प्रशासकीय अधिकृत

CamScanner

(क) अस्पताल परिसरमा यथासम्भव चौवीसै घण्टा सेवा दिने किचेन र डायनिङ्ग छुट्टाछुट्टै भएको क्यान्टिन हुनु पर्नेछ ।

(ख) अस्पतालमा शैयाको संख्याको कम्तिमा २० प्रतिशत कुर्सी सहितको डायनिङ्गको व्यवस्था भएको हुनु पर्नेछ ।

(ग) खानाको परिकार र शुल्क सहितको वडा–पत्र सबैले देखिने स्थानमा राख्नु पर्नेछ ।

(घ) सफा भुई, फराकिलो पकाउने स्थान र सामान संचित गर्ने स्थान प्रयाप्त भएको हुनु पर्नेछ ।

(ङ) किचेन उज्यालो र एक्जस्ट फ्यान जोडेको हुनु पर्नेछ ।

(च) क्यान्टिनको भित्ताहरु सरसफाई गर्न सजिलो हुने गरी भुईबाट ४ फूट टायल वा इनामेल पेन्ट गरेको हुनु पर्नेछ ।

(छ) चौवीसै घण्टा सफा, स्वच्छ पिउने पानी र खानाको व्यवस्था भएको हुनु पर्नेछ ।

(ज) क्यान्टिनमा कार्यरत कर्मचारीहरुले तोकिएको पोशाक लगाएको हुनु पर्नेछ ।

(झ) छुट्टै सफा हात धुने स्थान र उक्त स्थानमा साबुनको व्यवस्था भएको हुनु पर्नेछ ।

(ञ) भाडा माझ्ने र हात धुने ठाउँ छुट्टाछुट्टै स्थानमा हुनु पर्नेछ ।

(ट) सन्तुलित खाना र निश्चित विरामीको लागि पोषण सम्बन्धी जानकारी दिन पोष्टर, पम्प्लेट तथा टेलिभिजनको व्यवस्था भएको हुनु पर्नेछ ।

(ठ) खानेकुरावाट निस्कने फोहोरजन्य वस्तुको व्यवस्थापन निर्देशिका वमोजिम गर्नु पर्नेछ ।

(ड) खानेकुरा सफा जालीयुक्त कपडाले छोपेको हुनु पर्नेछ । साथै, रेफ्रिजिरेटर, विद्युतिय ओवनको व्यवस्था भएको हुनु पर्नेछ ।

परिच्छेद १०
अस्पतालको केन्द्रीय आपूर्ति विभाग सम्बन्धी मापदण्ड

३३. अस्पतालको केन्द्रीय आपूर्ति विभाग सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

(१)केन्द्रीय आपूर्ति सेवा विभागको प्रवन्ध :

(क) अस्पतालमा स्वच्छ पानीको नियमित आपूर्ति सुविधा भएको छुट्टै सेन्ट्रल सर्भिस डिपार्टमेन्ट हुनु पर्नेछ ।

(ख) फोहोर वस्तु राख्न, उपयोगी वस्तु राख्न, सरसफाइ गर्न, धुन/सुकाउन र निर्मलीकरण गर्न एवं प्याकेजिङ्ग तथां भण्डारणका लागि छुट्टाछुट्टै स्थानहरु हुनु पर्नेछ ।

(ग) विभागका सबै कोठाहरु भेन्टिलेसन सहित तापक्रम १८°–२२° सम्म र आद्रता ३५–६० प्रतिशत हुनु पर्दछ ।

(घ) सेन्ट्रल सर्भिस डिपार्टमेन्टको संरचना फोहोर क्षेत्रवाट क्रमशः सफा क्षेत्र तर्फ जाने गरी व्यवस्था गरिएको हुनु पर्नेछ ।

(ङ) सेन्ट्रल सर्भिस डिपार्टमेन्टका लागि तालिम प्राप्त कर्मचारीलाई जिम्मेवारी दिनु पर्दछ ।

(च) निर्मलीकरणको लागि ठाडो तथा तेर्सो अटोक्लेभ मेशिन चालु अवस्थाको हुनु पर्नेछ ।

(२) निर्मलीकरणको लागि तयारी :

(क) प्रयोग भएका सबै औजारहरुलाई ब्रस, केमिकल, साबुन र डिटर्जेन्ट पाउडर प्रयोग गरी छुट्टै स्थानमा सफा गर्नु पर्नेछ ।

(ख) औजार तथा उपकरणहरु सुख्खा गरेर छुट्टै स्थानमा राख्नु पर्नेछ ।

(ग) औजारहरु डवल च्यापरमा पोको पारी राख्नु पर्दछ ।

(३) भिजेका तथा प्रयोग भएका दुषित औजारहरु (Contaminated Instrument) को संकलनः

(क) फोहोर जम्मा गर्नका लागि साधारण पन्जा लगाउनु पर्छ ।

(ख) फोहोर संकलन गर्दा जम्मा गर्ने नियमित समय तालिका अनुसार हुनु पर्नेछ ।

(ग) फोहोर संकलन गर्ने भाँडाहरु प्वाल नपरेको, वन्द गर्न मिल्ने किसिमको हुनु पर्छ र भाँडोको क्षमता भन्दा वढी फोहोर राख्नु हुदैन ।

(घ) फोहोर/दुषित वस्तुहरु सुरक्षितर वन्द कन्टेनरवाट परिवहन गर्नु पर्दछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(४) सफा र किटाणुरहित पार्ने:

(क) सफा र किटाणुरहित बनाउनका लागि वास्केट, कन्टेनर र औजारको छुट्टै व्यवस्था भएको हुनु पर्छ ।

(ख) सफा गर्न र पखाल्नका लागि दुई वटा गहिरो खालको सिङ्कको व्यवस्था हुनु पर्छ । सबै निर्मलीकृत भइसकेका सामग्रीहरु सेलाइसकेपछि मात्र भण्डारण गर्नु पर्छ ।

(ग) भण्डारण कक्षहरु सफा र सुख्खा हुनु पर्छ ।

(घ) भण्डारण गरिने सामग्रीहरु भुईभन्दा ८–१० से.मी. उचाईमा र सिलिङ्गवाट २०–२५ से.मी. तल हुनु पर्छ ।

(५) संक्रमण रोकथाम:

(क) सेन्ट्रल सर्भिस डिपार्टमेन्टमा कार्यरत कर्मचारीहरुले आवश्यकता अनुसार व्यक्तिगत सुरक्षा कवच लगाउनु पर्छ ।

(ख) हात धुनका लागि प्रयाप्त र नियमित रुपमा धारावाट पानी र सावुनको उपलब्धता हुनु पर्छ ।

(ग) प्रदुषण निवारणको लागि क्लोरिन झोलको उपलब्धता हुनु पर्छ ।

(६) पोका पार्ने र बाँध्ने कार्य (Packaging_and_Wrapping):

(क) उपकरण तथा अन्य सामग्रीहरु अनिवार्य रुपमा निर्मलीकरण गरी प्याकिङ गर्नु पर्दछ ।

(ख) एकल प्रयोग सामग्रीहरु छुट्टा छुट्टै पोका पार्नु पर्छ ।

(ग) प्याकिङ्ग सामग्रीमा लेवल(Label) टाँस्नु पर्छ ।

(७) निर्कलीकरण तथा भण्डारण:

(क) प्याकिङ्ग गरिएका उपकरणहरु निर्मलीकरण गरी छुट्टै ठाउँमा राख्नु पर्छ ।

(ख) निर्मलीकृत स्टिकर सहितका पोकाहरु छुट्टै दराजमा राख्नु पर्छ ।

(८) संकलन, आपुर्ति र बाँडफाड:

(क) निर्मल र स्वच्छ तवरले आपूर्ति गर्न एकद्वारवाट संकलन गर्ने र वितरणका लागि फरक वाटोवाट गर्ने व्यवस्था मिलाउनु पर्छ ।

(ख) निर्मलीकृत सामग्री आपुर्ति गर्दा निर्मलीकृत भएको सुनिश्चित गरी आवधिक रुपमा वा माग अनुसार वितरण गर्नु पर्दछ ।

(९) जिन्सी सामग्री र अभिलेख:

(क) सबै उपकरणहरु तथा प्याकेजहरुको अभलेख व्यवस्थित राख्नु पर्दछ ।

(ख) उपकरणहरु तथा प्याकेजहरुको अभिलेख नियमित अद्यावधिक गरी चुस्त दुरुस्त राख्नु पर्दछ ।

परिच्छेद ११
अस्पतालको लाउन्ड्री सम्बन्धी मापदण्ड

३४. अस्पतालको लाउन्ड्री सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

(क) लाउन्ड्रीका लागि छुट्टै कोठा वा अलग्गै स्थानमा चौवीसै घण्टा पानी सहितको व्यवस्था हुनु पर्नेछ ।

(ख) लाउन्ड्रीमा काम गर्ने सबै कर्मचारीले अनिवार्य र पन्जाको प्रयोग गर्नु पर्नेछ ।

(ग) कपडा धुनु अघि (soiled, unsoiled, coourful, white, blood stained कपडाहरु) छुट्टयाउने व्यवस्था हुनु पर्नेछ ।

(घ) धुनु पुर्व सबै कपडाहरुको आवश्यकता अनुसार निःसंक्रमण गर्नु पर्नेछ ।

(ङ) कपडा धुनु र सुकाउनको लागि washing machine / dryer को प्रयाप्त संख्यामा व्यवस्था भएको हुनु पर्नेछ ।

विजय कुमार मंडल
प्रशासकीय अधिकृत

CamScanner

(च) ब्ल्याङकेट जस्ता बाक्लो कपडा सुकाउन सिधै घाम पर्ने स्थान हुनु पर्नेछ ।
(छ) सफा गरिएका कपडाहरु आइरन गरी प्याक गर्नु पर्नेछ ।
(ज) सफा कपडाहरु राख्ने छुट्टै स्थान र दराजको व्यवस्था हुनु पर्नेछ ।
(झ) सफा कपडा वितरणको उचित तरिका (जस्तै basket supply system, on demand supply system) अपनाउनु पर्नेछ ।
(ञ) व्यक्तिगत सुरक्षाको लागि हात धुने (सफा पानी र साबुन) र निःसंक्रमणको लागि कलोरिन झोलको उपलब्धता हुनु पर्नेछ ।
(ट) फोहोर र सफा कपडा राख्न छुट्टाछुट्टै स्थान हुनु पर्नेछ ।
(ठ) संकलन र वितरणको तालिका बनाई लागु गर्नु पर्नेछ ।
(ड) काम गर्ने प्रयोजनका लागि प्रयाप्त संख्यामा टेबुल, दराज, ट्रली, आइरन, बकेट,एएभ सामग्री (बुट, क्याप, पंजा, गाउन, मास्क, स्क्रब ब्रस, लुगा धुने डिटर्जेन्ट आदि) को व्यवस्था हुनु पर्नेछ ।

परिच्छेद १२
अस्पतालको भवन तथा पूर्वाधार सम्बन्धी मापदण्ड

३५. अस्पतालको भवन तथा पूर्वाधार सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

(क) अस्पतालको भवन निर्माण गर्दा भवन ऐन,२०५५ को दफा १० र ११ मा भएको व्यवस्था तथा अनुसूची–१ बमेजिम हुनु पर्नेछ ।
(ख) विपद व्यवस्थापन योजना तयार गरी सर्व साधारणको जानकारीको लागि भवनमा सुरक्षा सम्बन्धी संकेत चिन्हहरु उपयुक्त स्थानमा स्पष्ट गरी राखिएको हुनु पर्नेछ ।
(ग) अस्पताल भवनमा प्रशासनिक कार्यालय, बहिरङ्ग विभाग, अनतरङ्ग विभाग, इमर्जेन्सी विभाग, प्रयोगशाला, फार्मेसी, रेडियोलोजी विभाग, क्यान्टिन, CSSD, Laundry लगायत अस्पतालको स्तर अनुरुप तोकिएको सेवाहरुको व्यवस्था हुनु पर्नेछ ।
(घ) पूर्वाधारको हकमा "स्वास्थ्य भवन पूर्वाधार डिजाइन तथा निर्माण सम्बन्धी निर्देशिका,२०७४(पहिलो संशोधन २०७७)" अनुसार भवन डिजाईन भएको हुनु पर्नेछ ।
(ङ) अस्पतालको क्षेत्रफल प्रति शैया न्यूनतम ५५ वर्ग मिटरको हुनु पर्नेछ ।
(च) प्रत्येक कोठाको क्षेत्रफल कम्तिमा १४ वर्ग मिटर हुनु पर्नेछ ।
(छ) अस्पताल भित्र प्रवेश गर्ने र बाहिर निस्कने द्वार सम्भव भएसम्म अलग–अलग हुनु पर्नेछ।
(झ) सेवाग्राही र अस्पताल कर्मचारीहरुले प्रयोग गर्ने सवारी साधन, एम्बुलेन्स, दमकल जस्ता सवारी साधनका लागि प्रयाप्त पार्किङ्गको व्यवस्था हुनु पर्नेछ । पार्किङ्ग प्रयोजनका लागि कूल जग्गाको पच्चीस प्रतिशत वा प्रति ३ (तीन) शैयाको लागि एउटा कार पार्किङ्ग गर्न मिल्ने स्थल मध्ये जुन बढी हुन्छ सोही अनुसार हुनु पर्नेछ ।
(ञ) अस्पतालले ओगटेको कुल क्षेत्रफलको ५ प्रतिशत ग्रीन बेल्ट हुनु पर्नेछ ।

परिच्छेद १३
अस्पतालको वातावरण सम्बन्धी मापदण्ड

३६. अस्पतालको वातावरण सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

(१) १० शैयाको अस्पतालबाट स्तरोन्नती भए पश्चात वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली,२०७७ बमोजिम देहाय अनुसार वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नु पर्नेछ :–

विजय कुमार मंडल
प्रशासकीय अधिकृत

CamScanner

(क) १६ देखि २५ शैयासम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सकीय व्यवसाय सञ्चालन गर्नुपुर्व संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन,

(ख) २६ देखि १०० शैयासम्मको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सकीय व्यवसाय सञ्चालन गर्नुपुर्व प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन, र

(ग) १०० शैयाभन्दा बढीको अस्पताल, नर्सिङ्ग होम वा चिकित्सकीय व्यवसाय सञ्चालन गर्नुपुर्व प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गराउनु पर्ने :

(क) ५००० भन्दा बढी १०००० वर्ग मिटर क्षेत्रफलसम्मको निर्माण स्थल (Built Up Area) वा फ्लोर एरिया (Floor Area) आवासीय, व्यवसायिक वा आवासीयं र व्यवसायिक दुवै प्रकति भएको संयुक्त भवन निर्माण गर्ने ।

(ख) १०००० देखि २०००० लिटरसम्म दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने ।

(३) प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गराउनु पर्ने :

(क) १०००० वर्ग मिटर क्षेत्रफल भन्दा बढीको निर्माण स्थल (Built Up Area) वा फ्लोर एरिया (Floor Area) आवासीय, व्यवसायिक वा आवासीय र व्यवसायिक दुवै प्रकृति भएको संयुक्त भवन निर्माण गर्ने ।

(ख) २०००० लिटरसम्म भन्दा बढी दैनिक पानीको प्रयोग हुने भवन निर्माण तथा सञ्चालन गर्ने ।

(ग) जोखिमपूर्ण फोहोर पदार्थ सम्बन्धी व्यवस्थापन : २५ वर्षभन्दा बढी आधा आयु भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन तथा पचास लेथल डोज भएको कुनै पनि रेडियोधर्मी वस्तुको निष्कासन र व्यवस्थापन गर्ने ।

(४) तयार गरिएको अध्ययन प्रतिवेदन वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ मा तोकिए बमोजिमको निकायमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ ।

(५) संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा अस्पताल, नर्सिङ्ग होम वा चिकित्सा व्यवसायी स्वंयमले नै वातावरणमैत्री रुपमा फोहोरमैला व्यवस्थापन तर्फ आवश्यक ध्यान दिनु पर्नेछ ।

परिच्छेद १४
अस्पतालको गुनासो तथा सूचना व्यवस्थापन सम्बन्धी मापदण्ड

३६. अस्पतालको गुनासो तथा सूचना व्यवस्थापन सम्बन्धी व्यवस्था नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ बमोजिम देहाय अनुसारको हुनु पर्नेछ ।

(क) अस्पतालको अग्र भागमा सोधपुछ कक्षको व्यवस्था गरेको हुनु पर्नेछ ।

(ख) सबैले देख्ने स्थानमा अस्पतालले प्रदान गर्ने सेवाहरु, सेवा शुल्क र नक्शाङ्कन भएको बडा–पत्र राख्नु पर्नेछ ।

(ग) अस्पतालले उजुरी पेटिकाको व्यवस्था गरेको हुनु पर्नेछ ।

(घ) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ मा भएको व्यवस्था बमोजिम सूचना अद्यावधिक र प्रकाशन गर्नु पर्नेछ ।

(ङ) अस्पतालको सूचनाको जानकारी दिन एक जना सूचना अधिकारीको व्यवस्था गर्नु पर्नेछ । साथै सूचना अधिकारीको फोटो, नाम थर र सम्पर्क नम्बर सबैले देख्न सक्ने स्थानमा राख्नु पर्नेछ ।

(च) सूचना अधिकारीले हप्तामा एक पटक उजुरी पेटिका खोली उजुरीको समयमा नै समाधान गर्नु पर्नेछ ।

(छ) अस्पतालमा सार्वजनिक संचार सेवाको व्यवस्था र सबैको पहूँचमा इन्टरनेटको सुविधा भएको हुनु पर्नेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(ज) प्रहरी, एम्बुलेन्स, दमकल, रक्त संचार केन्द्र लगायतका आकस्मिक सेवाका टेलिफोन नम्वर स्पष्ट देखिने गरी राख्नु पर्नेछ ।

परिच्छेद १५
अस्पतालको चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको सेवा सुविधा व्यवस्थापन

३७. अस्पतालको चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको सेवा सुविधा सम्बन्धी व्यवस्था :

(१) अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको तलव भत्ता लगायतका सुविधा नेपाल सरकार, मधेश प्रदेश सरकार तथा खडक नगरपालिकाको प्रचलित कानून वमोजिम हुनेछ ।

(२) नेपाल सरकारको स्वास्थ्य संस्था संचालन मापदण्ड २०७७ वमोजिम नगर अस्पतालको स्वीकृत दरवन्दीमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको तलब र भत्ता संघीय सरकारवाट प्राप्त हुने अनुदानवाट व्यवस्थापन गर्नु पर्नेछ ।

(३) अस्पतालको कार्य एवं सेवा व्यवस्थापनको लागि नियूक्त चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको तलव भत्ता लगायतका सुविधा नगर अस्पतालको आन्तरिक स्रोतबाट व्यवस्थापन गर्नु पर्नेछ ।

(४) अस्पतालमा कार्यरत चिकित्सक, स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीहरुको तलब र भत्ता वाहेकका थप अन्य सुविधा नगर कार्यपालिकाको निर्णयबाट कानून वमोजिम उपलब्ध हुनेछ ।

परिच्छेद १६
विविध

३८. मापदण्ड तथा अनुसूचीमा हेरफेर खडक नगरपालिकाको नगर कार्यपालिकाले यस कार्यविधिमा उल्लेखित मापदण्ड तथा अनुसूचीहरू आवश्यकता अनुसार हेरफेर र थपघट गर्न सक्नेछ ।

३९. **व्याख्या गर्ने अधिकार** : यस कार्यविधिमा उल्लेखित मापदण्डका कुनै प्रावधानको कार्यान्वयनमा कुनै दुविधा उत्पन्न भई कार्यान्वयनमा वाधा आई परेमा खडक नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयले सो मापदण्डको व्याख्या गर्नेछ ।

४०. **स्वतः अमान्य हुने** : यस कार्यविधिमा लेखिएका कुनै कुरा नेपाल सरकार, मधेश प्रदेश सरकार तथा खडक नगरपालिकाको ऐन नियम एवं प्रचलित कानूनको कुनै व्यवस्था संग वाझिएमा वाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

अनुसूची–१
(दफा १६ संग सम्बन्धित)

अस्पताल प्रयोगशालामा हुने आकस्मिक परीक्षण

1. Hb% ,TC, DC, Platelet
2. Na^+,K^+, Blood Sugar
3. Urea
4. Creatinine
5. Serum Amylase
6. Lipase
7. Blood grouping for Transfusion Purpose
8. BT, CT, PT, INR
9. Urine RE
10. HIV/HCV/HBsAg Kit
11. Troponin
12. CPK/MB
13. आकस्मिक उपचारको लागि चिकित्सकले अत्यावश्यक ठानेको अन्य परीक्षण

अनुसूची–२
(दफा १९(ञ) संग सम्बन्धित)

परीक्षणका लागि विदेश पठाउनु पर्ने नमूनाहरुको हकमा विरामीको मञ्जुरीनामा

मैले आफ्नो नमूना विदेशी प्रयोगशालालाई परीक्षण गराउनको लागि अनुमति दिएको छु ।

नमूनाको प्रकार	परीक्षणको नाम	नमूनाको प्रकार	परीक्षणको नाम

कसको सल्लाहमा सवदेश पठाउन लागिएको हो :
चिकित्सकको नाम र काउन्सिल नं.:
विदेश पठाउने प्रयोगशालाको नाम र ठेगाना:
नमूना संकलन गर्ने प्रयोगशालाको नाम र ठेगाना :

सेवाग्राहीको नाम
सम्पर्क नं.
ठेगाना :
सेवाग्राहीको हस्ताक्षर :

आज्ञाले
.....
विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

विजय कुमार मंडल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner